# गीतानगर गा.वि.स. अन्तर्गतका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यासगत त्रुटिहरूको अध्ययन

त्रिभुवन विश्व विद्यालय, बाल कुमारी कलेज, शिक्षा शास्त्र सङ्काय अन्तर्गत
नेपाली विषयमा एम.एड. द्वितीय वर्षको पाठ्यांश ५९८ को
अनुसन्धान पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोध पत्र

**शोधार्थी**

**इन्दिरा मरहट्ठा**

अनुक्रमाङ्क : २४१००२०

त्रि.वि. दर्ता नं. ९-२-३०३-१२-२००३

त्रिभुवन विश्व विद्यालय

शिक्षा शास्त्र सङ्काय

बाल कुमारी कलेज

नेपाली भाषा शिक्षा विभाग

नारायणगढ, चितवन

२०६९/२०१३

# गीतानगर गा.वि.स. अन्तर्गतका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यासगत त्रुटिहरूको अध्ययन

त्रिभुवन विश्व विद्यालय, बाल कुमारी कलेज, शिक्षा शास्त्र सङ्काय अन्तर्गत
नेपाली विषयमा एम.एड. द्वितीय वर्षको पाठ्यांश ५९८ को
अनुसन्धान पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोध सार


**शोधार्थी**

**इन्दिरा मरहट्ठा**

अनुक्रमाङ्क : २४१००२०
त्रि.वि. दर्ता नं. ९-२-३०३-१२-२००३
त्रिभुवन विश्व विद्यालय
शिक्षा शास्त्र सङ्काय
बाल कुमारी कलेज
नेपाली भाषा शिक्षा विभाग
नारायणगढ, चितवन


२०६९/२०१३

## त्रिभुवन विश्व विद्यालय
**शिक्षा शास्त्र सङ्काय**
**बाल कुमारी कलेज**
**नेपाली भाषा शिक्षा विभाग**

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय अन्तर्गत बाल कुमारी कलेज, नारायणगढका विद्यार्थी इन्दिरा मरहट्टाले नेपाली भाषा शिक्षा विषयमा एम.एड. द्वितीय वर्षको पाठ्यांश ५९८ को अनुसन्धान पत्रको प्रयोजनका लागि **चितवन जिल्ला गीतानगर गा.वि.स. अन्तर्गत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यासगत त्रुटिहरूको अध्ययन** शीर्षकको यो शोध पत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

**सह–प्राध्यापक डा. कुल प्रसाद ढुङ्गाना** — हस्ताक्षर
अनुसन्धान समितिको अध्यक्ष एवम् विभागीय प्रमुख

**सह–प्राध्यापक डा. कुल प्रसाद ढुङ्गाना** — हस्ताक्षर
शोध निर्देशक

**प्रा.डा. सुषमा आचार्य** — हस्ताक्षर
बाह्य परीक्षक

२०६९/११/२१
४ मार्च २०१३

गीतानगर गा.वि.स. अन्तर्गतका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यासगत त्रुटिहरूको अध्ययन        इन्दिरा मरहट्ठा        २०६९

# विषय सूची


(क) शोध पत्रको स्वीकृति पत्र

(ख) शोध निर्देशकको मन्तव्य

(ग) कृतज्ञता ज्ञापन

(घ) सङ्क्षेपीकृत शब्द सूची


## पहिलो परिच्छेद
## शोध परिचय


| | | |
|---|---|---|
| १.१ | विषय प्रवेश | १ |
| १.२ | शोध शीर्षक | २ |
| १.३ | शोध प्रयोजन | २ |
| १.४ | समस्या कथन | २ |
| १.५ | शोधका उद्देश्यहरू | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | ३ |
| १.७ | शोध कार्यको महत्त्व र औचित्य | ७ |
| १.८ | शोध कार्यको सीमाङ्कन | ७ |
| १.९ | सामग्री सङ्कलन र शोध विधि | ८ |
| १.१० | शोध पत्रको रूपरेखा | ८ |


## दोस्रो परिच्छेद
## वर्ण विन्यासगत त्रुटि विश्लेषणको सैद्धान्तिक परिचय


| | | |
|---|---|---|
| २.१ | विषय प्रवेश | १० |
| २.२ | त्रुटि विश्लेषणको महत्त्व | ११ |
| २.३ | त्रुटिका स्रोत र कारक तत्त्वहरू | १३ |
| | २.३.१ स्रोत भाषा | १३ |

|  |  |  |  |
|---|---|---|---|
|  | २.३.२ | लक्ष्य भाषा | १३ |
|  | २.३.३ | सिकारुको उमेर | १३ |
|  | २.३.४ | भाषिक वातावरण | १३ |
|  | २.३.५ | कठिनाइ तथा जटिलता | १३ |
| २.४ | त्रुटिको वर्गीकरण |  | १४ |
|  | २.४.१ | विकासशीताका आधारमा | १४ |
|  |  | २.४.१.१ अव्यवस्थित त्रुटि | १४ |
|  |  | २.४.१.२ व्यवस्थित त्रुटि | १४ |
|  |  | २.४.१.३ उत्तर व्यवस्थित त्रुटि | १५ |
|  | २.४.२ | स्रोतका आधारमा | १५ |
|  |  | २.४.२.१ भाषान्तरिक त्रुटि | १५ |
|  |  | २.४.२.२ अन्तरभाषिक त्रुटि | १५ |
|  | २.४.३ | भाषाकोटिका आधारमा | १५ |
|  | २.४.४ | गम्भीरताका आधारमा | १६ |
|  |  | २.४.४.१ अर्थबाधक त्रुटि | १६ |
|  |  | २.४.४.२ अर्थअबाधक त्रुटि | १६ |
|  | २.४.५ | व्यापकताका आधारमा | १६ |
|  |  | २.४.५.१ आंशिक त्रुटि | १६ |
|  |  | २.४.५.२ समग्र त्रुटि | १७ |
|  | २.४.६ | स्वरूपका आधारमा | १७ |
|  |  | २.४.६.१ लोपगत त्रुटि | १७ |
|  |  | २.४.६.२ थपोटगत त्रुटि | १७ |
|  | २.४.७ | औचित्यको आधारमा | १७ |
|  |  | २.४.७.१ व्याकरणीक त्रुटि | १७ |
|  |  | २.४.७.२ सन्दर्भगत त्रुटि | १८ |
| २.५ | त्रुटि विश्लेषण पद्धति तथा प्रक्रिया |  | १८ |
|  | २.५.१ | पूर्वनिर्धारित कोटि पद्धति | १८ |
|  | २.५.२ | पश्चनिर्धारित कोटि पद्धति | १८ |
| २.६ | त्रुटि विश्लेषण प्रक्रिया |  | १८ |
|  | २.६.१ | त्रुटिको सङ्कलन | १९ |
|  | २.६.२ | त्रुटिको वर्गीकरण | १९ |
|  | २.६.३ | त्रुटिको व्याख्या | १९ |
|  | २.६.४ | त्रुटिको निराकरण | १९ |

२.७ सारांश २०

## तेस्रो परिच्छेद
## वर्ण विन्यासको सैद्धान्तिक अवधारणा र विश्लेषणका आधारहरू


३.१ विषय प्रवेश २१
३.२ वर्ण विन्यास सम्बन्धी त्रुटि क्षेत्र २१
३.२.१ ह्रस्व सम्बन्धी नियम २२
३.२.१.१ शब्दादिमा ह्रस्व २२
३.२.१.२ शब्द मध्यमा ह्रस्व २२
३.२.१.३ शब्दान्तमा ह्रस्व २२
३.२.२ दीर्घ सम्बन्धी नियम २२
३.२.२.१ शब्दादिमा दीर्घ २२
३.२.२.२ शब्द मध्यमा दीर्घ २२
३.२.२.३ शब्दान्तमा दीर्घ २२
३.२.३ 'श' 'ष' र 'स' को प्रयोग २३
३.२.३.१ 'श' को प्रयोग २३
३.२.३.२ 'ष' को प्रयोग २३
३.२.३.३ 'स' को प्रयोग २३
३.२.४ 'ब' र 'व' को प्रयोग २३
३.२.४.१ 'ब' को प्रयोग २३
३.२.४.२ 'व' को प्रयोग २३
३.२.५ 'य' र 'ए' को प्रयोग २३
३.२.५.१ 'य' को प्रयोग २३
३.२.५.२ 'ए' को प्रयोग २४
३.२.६ 'ऋ' र 'रि' को प्रयोग २४
३.२.६.१ 'ऋ' को प्रयोग २४
३.२.६.२ 'रि' को प्रयोग २४
३.२.७ 'ज्ञ' र 'ग्यँ' को प्रयोग २४
३.२.८ 'छ' र 'क्ष' को प्रयोग २४
३.२.९ 'चन्द्रबिन्दु' र 'शिरबिन्दु' को प्रयोग २४
३.२.९.१ 'चन्द्रबिन्दु' को प्रयोग २४
३.२.९.२ 'शिरबिन्दु' को प्रयोग २५

३.२.१० 'हलन्त' र 'अजन्त' को प्रयोग २५
३.२.१०.१ 'हलन्त' को प्रयोग २५
३.२.१०.२ 'अजन्त' को प्रयोग २५
३.२.११ 'पदयोग' र 'पदवियोग' को प्रयोग २५
३.२.११.१ 'पदयोग' को प्रयोग २५
३.२.११.२ 'पदवियोग' हुने अवस्था २५
३.२.१२ लेख्य चिह्नको प्रयोग २६
३.२.१२.१ पूर्णविराम चिह्न २६
३.२.१२.२ अल्पविराम चिह्न २६
३.२.१२.३ अर्धविराम चिह्न २६
३.२.१२.४ प्रश्नवाचक चिह्न २६
३.२.१२.५ उद्गार चिह्न २७
३.२.१२.६ उद्धरण चिह्न २७
३.२.१२.७ निर्देश चिह्न २७
३.२.१२.८ योजक चिह्न २७
३.२.१२.९ कोष्ठक चिह्न २७
३.२.१२.१० तिर्यक चिह्न २७
३.२.१२.११ सङ्क्षेप चिह्न २७
३.३ सारांश २८


## चौथो परिच्छेद
## वर्ण विन्यास सम्बन्धी त्रुटिको विश्लेषण


४.१ विषय प्रवेश २९
४.२ ह्रस्वदीर्घको प्रयोग सम्बन्धी त्रुटि ३०
४.२.१ ह्रस्व इकार र ह्रस्व उकारको प्रयोगमा त्रुटि ३०
४.२.१.१ शब्दादिमा त्रुटि ३१
४.२.१.२ शब्दमध्यमा त्रुटि ३२
४.२.१.३ शब्दान्तमा त्रुटि ३२
४.२.२ दीर्घ ईकार र दीर्घ ऊकारको प्रयोग सम्बन्धी त्रुटि ३३
४.२.२.१ शब्दादिमा त्रुटि ३३
४.२.२.२ शब्दमध्यमा त्रुटि ३४
४.२.२.३ शब्दान्तमा त्रुटि ३५
४.३ 'श', 'ष' र 'स' को प्रयोग सम्बन्धी त्रुटि ३५

४.३.१ 'श' को प्रयोग सम्बन्धी त्रुटि ३६
४.३.२ 'ष' को प्रयोग सम्बन्धी त्रुटि ३७
४.३.३ 'स' को प्रयोग सम्बन्धी त्रुटि ३८
४.४ 'ब' र 'व' को प्रयोग सम्बन्धी त्रुटि ३८
४.४.१ 'ब' को प्रयोग सम्बन्धी त्रुटि ३९
४.४.२ 'व' को प्रयोग सम्बन्धी त्रुटि ४०
४.५ 'य' र 'ए' को प्रयोग सम्बन्धी त्रुटि ४०
४.५.१ 'य' को प्रयोग सम्बन्धी त्रुटि ४१
४.५.२ 'ए' को प्रयोग सम्बन्धी त्रुटि ४१
४.६ 'छ' र 'क्ष' को प्रयोग सम्बन्धी त्रुटि ४२
४.६.१ 'छ' को प्रयोग सम्बन्धी त्रुटि ४२
४.६.२ 'क्ष' को प्रयोग सम्बन्धी त्रुटि ४३
४.७ 'ज्ञ' र 'ग्यँ' को प्रयोग सम्बन्धी त्रुटि ४४
४.७.१ 'ज्ञ' को प्रयोग सम्बन्धी त्रुटि ४४
४.७.२ 'ग्यँ' को प्रयोग सम्बन्धी त्रुटि ४५
४.८ 'ऋ' र 'रि' को प्रयोग सम्बन्धी त्रुटि ४५
४.८.१ 'ऋ' को प्रयोग सम्बन्धी त्रुटि ४५
४.८.२ 'रि' को प्रयोग सम्बन्धी त्रुटि ४६
४.९ 'चन्द्रबिन्दु' र 'शिरबिन्दु' को प्रयोग सम्बन्धी त्रुटि ४७
४.९.१ 'शिरबिन्दु' को प्रयोग सम्बन्धी त्रुटि ४७
४.९.२ 'चन्दबिन्दु' को प्रयोग सम्बन्धी त्रुटि ४७
४.१० 'पदयोग' र 'पदवियोग' को प्रयोग सम्बन्धी त्रुटि ४८
४.१०.१ 'पदयोग' को प्रयोग सम्बन्धी त्रुटि ४९
४.१०.२ 'पदवियोग' को प्रयोग सम्बन्धी त्रुटि ४९
४.११ 'हलन्त' र 'अजन्त' को प्रयोग सम्बन्धी त्रुटि ५०
४.११.१ 'हलन्त' को प्रयोग सम्बन्धी त्रुटि ५०
४.११.२ 'अजन्त' को प्रयोग सम्बन्धी त्रुटि ५१
४.१२ लेख्य चिह्नको प्रयोग सम्बन्धी त्रुटि ५१

## पाँचौं परिच्छेद
## निष्कर्ष तथा सुझावहरू

५.१ विषय प्रवेश ५३
५.२ निष्कर्ष ५३
५.३ सुझावहरू ५६

## सन्दर्भ ग्रन्थ सूची


(क) पुस्तक सूची ६०

(ख) शोध पत्र सूची ६१


## परिशिष्ट खण्ड 'क'
## परीक्षणका लागि उपयोगमा ल्याइएका सामग्रीहरू


(१) हिज्जे लेखनका लागि प्रयोग गरिएका शब्दहरूको सूची ६२

(२) श्रुतिलेखनमा उपयोग गरिएका शब्दहरूको सूची ६३

(३) शोधकार्य सम्पन्न गर्ने क्रममा नमुना छनौट स्वरूप लिइएका विद्यालय र विद्यार्थी सङ्ख्या ६४


## परिशिष्ट खण्ड 'ख'


व्यक्तिगत विवरण ६५

# पहिलो परिच्छेद
# शोध परिचय

## १.१ विषय प्रवेश

भाषा आर्जिक वस्तु हो त्यसैले भाषा सिकाइ त्रुटि बिनाको हुन सक्दैन । भाषा सिक्दा वा भाषिक प्रयोग गर्दा कुनै न कुनै प्रकारका त्रुटिहरू वा भूलहरू हुन्छन् । हरेक प्रकारका सिकाइमा त्रुटिहरू हुने क्रम चलिरहने हुनाले भाषा सिकाइमा पनि विभिन्न त्रुटिहरू हुनु स्वाभाविक हो तसर्थ भाषा शिक्षणका क्रममा देखिने विभिन्न खालका भूल वा गल्तीहरूलाई नै भाषा शिक्षणमा त्रुटि भन्ने गरिन्छ । त्यस्तै भाषा सिकाइका क्रममा देखापर्ने विभिन्न प्रकारका त्रुटि वा गल्तीहरूको पहिचान गरी तिनको निराकरण गर्ने उपायहरू सुझाउने प्रक्रिया नै त्रुटि विश्लेषण हो । भाषा शिक्षणमा त्रुटि विश्लेषणका माध्यमबाट त्रुटि निराकरण गर्दै परिष्कार र परिमार्जनतिर क्रमश: बढाउँदै शुद्ध रूपतिर लैजाने काम हुन्छ । त्रुटि विश्लेषणले सिकारुलाई सिकाइमा पृष्ठ पोषणको काम गर्छ । संरचनावादीहरूले त्रुटि विश्लेषण पद्धतिलाई नकारात्मक रूपमा लिई यसले सिकाइमा असर पार्दछ भन्ने धारणा राखेका छन् भने रूपान्तरणवादी नोमचमस्की र उनका अनुयायीहरूले शैक्षिक सन्दर्भमा यसको अत्यन्त महत्त्व रहेको कुरा दाबी गरेका छन् । भाषा मूल रूपमा विचार विनिमयको साधन भएकाले मनोवादीहरू त्रुटि कमजोरी वा दुर्बलता होइन भन्छन् र सिकाइ विकास प्रक्रियाको एउटा स्वाभाविक र आवश्यक प्रक्रिया मान्दछन् । यसरी विचार विनियम गर्ने कथ्य र लेख्य भाषा शुद्ध एवम् परिष्कृत हुनु आवश्यक हुन्छ । त्रुटि रहित, व्याकरणिक र स्तरीय भाषा नै मानक भाषा हो । कथ्य भाषामा भन्दा लेख्य भाषामा झन् शुद्धताको विशेष महत्त्व हुन्छ अर्थात् यही मानक भाषा नै लेख्य भाषाका रूपमा रहेको हुन्छ । सानोभन्दा सानो त्रुटिले पनि वाक्यको अर्थमा ठूलो भिन्नता सिर्जना गर्छ तसर्थ त्रुटि रहित लेख्य भाषाको प्रयोग गर्नु जरुरी छ । जबसम्म भाषामा शुद्धता रहँदैन तबसम्म हरेक कुरामा अन्योल रहन सक्छ त्यसैले शुद्ध प्रयोगका लागि त्रुटि रहित भाषिक प्रयोगको आवश्यकता हुन्छ । यसरी भाषामा शुद्धता ल्याउन त्रुटि विश्लेषणको ज्यादै ठूलो महत्त्व रहेको पाइन्छ ।

## १.२ शोध शीर्षक

प्रस्तावित शोध पत्रको शीर्षक **गीतानगर गा.वि.स.का कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यासगत त्रुटिहरूको अध्ययन** रहेको छ ।

## १.३ शोधको प्रयोजन

प्रस्तुत शोध पत्र त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय बाल कुमारी कलेज नेपाली भाषा शिक्षण विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्ष नेपा.शि. ५९८ पाठ्यांशको आंशिक आवश्यकता पूर्तिका लागि तयार पारिएको छ ।

## १.४ समस्या कथन

यस शोध पत्र अन्तर्गत चितवन जिल्लाको गीतानगर गा.वि.स.का कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले प्रयोग गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन गरिएको छ । त्रुटि अन्तर्गत ह्रस्वदीर्घ, पदयोग-पदवियोग, लेख्यचिह्नहरूको प्रयोग, शिरबिन्दु र चन्द्रबिन्दुको प्रयोग, हलन्त र अजन्त, श, स, ष को प्रयोग, ब, व को प्रयोग, क्ष र छ को प्रयोग, ज्ञ र ग्यँ को प्रयोग आदि रहेका छन् । उक्त विषयसँग सम्बद्ध समस्यालाई दृष्टिगत गरी प्राप्त समस्या र तिनको समाधानका लागि अध्ययन-अन्वेषण गर्ने प्रयत्न गरिएको छ । प्रस्तावित अनुसन्धान निम्न समस्याहरूमा केन्द्रित रहेको छ –

(क) त्रुटि विश्लेषण भनेको के हो ?

(ख) कक्षा ८ का विद्यार्थीहरूले वर्ण विन्यासका क्षेत्रमा के-कस्ता त्रुटिहरू गर्दछन् ?

(ग) त्रुटिको विश्लेषणबाट के-कस्ता तथ्यहरू प्राप्त हुन्छन् ?

(घ) कक्षा ८ का विद्यार्थीहरूको वर्ण विन्यास सम्बन्धी कमजोरी हटाउन के-कस्ता निराकरणका उपायहरू अपनाउन सकिन्छ ?

यिनै समस्यामा आधारित भई प्रस्तुत शोध पत्र तयार गरिएको छ ।

## १.५ शोधका उद्देश्यहरू

यस शोध पत्रको उद्देश्य मूलत: कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले गर्ने त्रुटि विश्लेषण, त्रुटिहरूको वर्गीकरण, व्याख्या र विश्लेषण गरी सिकाइका क्रममा आइपर्ने समस्या

समाधानार्थ आवश्यक सुझाव दिई निराकरणका उपायहरूको खोजी गर्नु रहेको छ । ती उद्देश्यहरू निम्नलिखित रहेका छन् –

(क) त्रुटि विश्लेषणको सैद्धान्तिक स्वरूप प्रस्तुत गर्नु,

(ख) कक्षा ८ मा अध्ययनरत विद्यार्थीले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको पहिचान गर्नु,

(ग) त्रुटिको विश्लेषणबाट वर्ण विन्यासगत तथ्य प्राप्त गर्नु,

(घ) कक्षा ८ का विद्यार्थीहरूको वर्ण विन्यास सम्बन्धी कमजोरी पत्ता लगाई निराकरणका उपायहरू किटान गर्नु,

यिनी उद्देश्यमा आधारित भई प्रस्तावित शोध पत्र तयार गरिएको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

कुनै पनि कार्य गर्दा विगतमा उक्त कार्य सम्बन्धी के-कस्ता अध्ययन भए वा गरिए भन्ने जान्नु आवश्यक हुन्छ । पूर्वकार्यको अध्ययन बिना वर्तमानको कार्यलाई पूर्णता दिन असम्भव प्राय: छ । त्रुटि विश्लेषण भाषा शिक्षणका सन्दर्भमा नवीन धारणा भएकाले यसका निम्ति के-कस्ता प्रयासहरू भएका छन् ? ती प्रयासहरू कुन-कुन पक्षहरूसँग सम्बद्ध छन् ? यसले भाषा शिक्षणका सन्दर्भमा देखिएका त्रुटिहरूलाई कम गर्ने उपायहरू के के छन् ? जस्ता कुराहरूका बारेमा जानकारी लिनका लागि पूर्वकार्य समीक्षाको आवश्यकता महसुस गरी तत्सम्बन्धमा जे-जति पूर्वकार्यहरू भएका छन् तिनीहरूलाई क्रमश: उल्लेख गरिएको छ –

तेजप्रसाद पौडेलद्वारा **कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूले गर्ने लेखन सम्बन्धी त्रुटिहरू** शीर्षकमा एक शोधकार्य भएको छ । नेपाली भाषाको लेखन सम्बन्धी क्षमताको तुलनात्मक अध्ययन गर्नु यस शोध पत्रको मुख्य उद्देश्य रहेको छ । यस अध्ययनले कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूले गर्ने त्रुटिहरूको उल्लेख गरेर सम्बन्धित पक्षका लागि केही सहयोग पुऱ्याए पनि यसमा त्रुटि क्षेत्रसँग सम्बन्धित सबै पक्षको उल्लेख हुन सकेको छैन ।[1]

फर्सुराम घिमिरेद्वारा त्रुटि विश्लेषण शीर्षकमा एक अनुसन्धान भएको छ । यस अनुसन्धानको मुख्य उद्देश्य **कक्षा ६ मा उत्तीर्ण विद्यार्थीहरूले नेपाली लेखनमा गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको पहिचान गर्नु र तिनको निराकरण गर्नु**

---

१ तेज प्रसाद पौडेल, **कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूले गर्ने लेखन सम्बन्धी त्रुटिहरू**, (अप्रकाशित स्नातकोत्तर शोध पत्र, नेपाली भाषा शिक्षा विभाग, महेन्द्ररत्न बहुमुखी क्याम्पस, काठमाडौं, २०५७), पृ. १ ।

रहेको छ । यस अनुसन्धानले सम्बन्धित विद्यार्थीहरूको वर्ण विन्यासका क्षेत्रमा सहयोग पुऱ्याए पनि नेपाली भाषाको लेखनमा गर्ने वर्ण विन्यास सम्बन्धी विस्तृत अध्ययन हुन नसकेको देखिएको छ ।[२]

क्षेत्र बहादुर कार्कीद्वारा **कक्षा ८ उत्तीर्ण तिब्बती शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन र वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन** शीर्षकमा लघु अनुसन्धान भएको छ । यस अनुसन्धानमा कक्षा ८ उत्तीर्ण तिब्बती शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीले स्तरीय नेपाली लेखाइ अभिव्यक्तिमा गर्ने त्रुटिहरू पत्ता लगाई आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ । यस अध्ययनबाट नेपाल बाहिरका मुलुकहरूमध्ये तिब्बतमा बोलिने भाषा र स्तरीय नेपाली भाषाको थोरै भए पनि तुलनात्मक अध्ययन अनुसन्धान भएको छ ।[३]

शिव कुमार मिश्रद्वारा **कक्षा ५ पूरा गरेका सतारभाषी विद्यार्थीहरूले नेपाली भाषा सिकाइमा गर्ने त्रुटिहरूको अध्ययन** शीर्षकमा एक शोध कार्य भएको छ । कक्षा ५ पूरा गरेका सतारभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा पदसङ्गति र वर्ण विन्यासमा गर्ने त्रुटिहरूको पहिचान गरी त्यसको निराकरण गर्नु यस शोध पत्रको उद्देश्य रहेको छ । यस अध्ययनले दोस्रो भाषाका रूपमा नेपाली भाषा अध्ययन गर्ने कक्षा ५ पूरा गरेका सतारभाषी विद्यार्थीहरू वर्ण विन्यास र पदसङ्गतिमा ज्यादै कमजोर रहेको स्पष्ट देखाई उनीहरूबाट हुने त्रुटि न्यूनीकरण गर्ने क्षेत्रमा केही सहयोग पुऱ्याएको भए तापनि यस शोध पत्रमा त्रुटिसम्बन्धी विस्तृत अध्ययन हुन भने सकेको छैन ।[४]

निर्पध्वज मगरद्वारा **सोलुखुम्बु जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन** नामक शीर्षकमा लघु अनुसन्धान भएको छ । यस अनुसन्धानमा विद्यार्थीहरूले वर्ण विन्यास अन्तर्गत पर्ने ह्रस्वदीर्घ सम्बन्धी त्रुटि श, ष र स सम्बन्धी त्रुटि, य र ए सम्बन्धी त्रुटि,

---

२ फर्सुराम घिमिरे, **कक्षा ६ मा उत्तीर्ण विद्यार्थीहरूले नेपाली भाषाको लेखनमा गर्ने वर्ण विन्यास सम्बन्धी** त्रुटिहरूको एक अध्ययन (अप्रकाशित शोध पत्र, त्रि.वि., नेपाली भाषा शिक्षा केन्द्रीय विभाग, कीर्तिपुर, २०६१), पृ. १५-४२ ।

३ क्षेत्र बहादुर कार्की, **कक्षा पाँच उत्तीर्ण तिब्बती शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन र वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन** (अप्रकाशित शोध पत्र, त्रि.वि., नेपाली भाषा शिक्षाको केन्द्रीय विभाग, कीर्तिपुर, २०६३), पृ. ३०-६६ ।

४ शिवकुमार मिश्र, **कक्षा ५ पूरा गरेका सतारभाषी विद्यार्थीहरूले नेपाली भाषा सिकाइमा गर्ने त्रुटिहरूको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोध पत्र, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर क्याम्पस, काठमाडौं, २०६३), पृ.२०-५० ।

व र ब सम्बन्धी त्रुटि, हलन्त र अजन्त सम्बन्धी त्रुटि, पदयोग र पदवियोग सम्बन्ध त्रुटि, शिरबिन्दु र चन्द्रबिन्दु सम्बन्धी त्रुटि, लेख्यचिह्न प्रयोग सम्बन्धी त्रुटि र अन्य प्रकारका त्रुटिको ख्याल गरी विश्लेषण गर्ने कार्य भएको छ । उक्त कार्य केवल वर्ण विन्याससँग मात्र सम्बन्धित रहेको हुनाले लेखनसँग सम्बन्धित हुने कोटिगत त्रुटि, विभक्तिका प्रयोगमा हुने त्रुटि, वाक्यगठन सम्बन्धी त्रुटिजस्ता कुराहरू यसमा समेटिएका छैनन् ।[५]

कविता खनाल द्वारा **मोरङ जिल्लाका कक्षा ६ मा अध्ययनरत थारुभाषी विद्यार्थीहरूले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन** शीर्षकमा एक लघु अनुसन्धान भएको छ । यस अनुसन्धानको मुख्य उद्देश्य वर्ण विन्यास सम्बन्धी त्रुटि पहिल्याउनु, त्रुटिलाई वर्गीकरण गर्नु र त्यस्ता त्रुटि निराकरणका लागि सुझाव प्रस्तुत गर्नु रहेको छ । यस अनुसन्धान अनुसार निम्न माध्यमिक तहमा अध्ययनरत कक्षा ८ का विद्यार्थीहरूले सबैभन्दा बढी त्रुटि लेख्यचिह्नमा र सबैभन्दा कम त्रुटि य र ए को प्रयोगमा गरेको पाइन्छ । यस अध्ययनले प्रस्तुत शोध पत्रका लागि सहयोगी सामग्रीको भूमिका निर्वाह गरेको छ ।[६]

कृष्ण कुमारी श्रेष्ठद्वारा **कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको वर्ण विन्यास क्षमताको अध्ययन** शीर्षकमा एक शोध कार्य भएको छ । वर्ण विन्याससँग सम्बन्धित क्षेत्रहरूमा 'श', 'ष' र 'स' को प्रयोग 'ब' र 'व' को प्रयोग, 'छ' र 'क्ष' को प्रयोग, 'ज्ञ' र 'ग्यँ' को प्रयोग, 'ऋ' र 'रि' को प्रयोग, 'हलन्त' र 'अजन्त' को प्रयोग, ह्रस्वदीर्घ सम्बन्धी प्रयोग आदि पक्षको अध्ययन गर्नु यस शोध पत्रको उद्देश्य हो । कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले वर्ण विन्यासमा गर्ने त्रुटि औँल्याउनु, तिनको निराकरण गर्नु र सम्बन्धित पक्षका लागि सहयोग पुऱ्याउनु यस शोध पत्रको मुख्य लक्ष्य भए पनि यसमा विशेषगरी हिज्जे पक्षलाई बढी जोड दिइएको पाइन्छ । त्यसैले त्रुटिका अन्य पक्षको विस्तृत अध्ययन हुन सकेको छैन ।[७]

---

५ निर्पध्वज मगर, **सोलुखुम्बु जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन** (अप्रकाशित शोध पत्र, त्रि.वि., महेन्द्ररत्न क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, काठमाडौँ, २०६४), पृ. २३-२९ ।

६ कविता खनाल, **मोरङ जिल्लाका कक्षा ८ मा अध्ययनरत थारुभाषी विद्यार्थीहरूले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन** (अप्रकाशित शोध पत्र, त्रि.वि., सुकुना बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, मोरङ, २०६५), पृ. २४-५० ।

७ कृष्णकुमारी श्रेष्ठ, **कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको वर्ण विन्यास क्षमताको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोध पत्र, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर, २०६५), पृ. २०-६२ ।

सूर्यराज आचार्यद्वारा **चितवन जिल्ला मङ्गलपुर गा.वि.स. अन्तर्गतका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यासगत त्रुटिहरूको अध्ययन** शीर्षकमा एक शोधकार्य भएको छ । वर्ण विन्यास सम्बन्धी समस्याहरूको अध्ययन विश्लेषण गर्नु, त्रुटिका कारण पत्ता लगाउनु र निष्कर्ष दिनु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । यस अनुसन्धान अनुसार निम्न माध्यमिक तह कक्षा आठका विद्यार्थीहरूले सबैभन्दा बढी श, ष, स; पदयोग र पदवियोगमा त्रुटि गरेको देखिन्छ भने सबैभन्दा कम ह्रस्व इकार, दीर्घ ईकार र ह्रस्व उकारमा केही कम त्रुटि गरेका छन् । यो अनुसन्धानमा वर्ण विन्यास सम्बन्धी विद्यार्थीले गर्ने त्रुटिहरूको विश्लेषण गरिएको हुनाले यस अध्ययनले प्रस्तुत शोध पत्रका लागि सहयोगी सामग्रीको भूमिका निर्वाह गरेको छ ।[८]

टीका कँडेलद्वारा **चितवन जिल्लाका विद्यार्थीहरूले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिको अध्ययन** शीर्षकको स्नातकोत्तर शोध पत्रमा भरतपुर नगरपालिकाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले के-कस्ता वर्ण विन्यासगत त्रुटि गरेका छन् भन्ने विषय मात्र समेटिएको पाइन्छ ।[९]

शोभा देवकोटा, **गीतानगर गा.वि.स.का कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिको अध्ययन** नामक शोध पत्रमा गीतानगर गा.वि.स.का कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूले वर्ण विन्यासका क्षेत्रमा के-कस्ता त्रुटि गरेका छन् भन्ने विषय मात्र समेटिएको छ ।[१०]

पूर्वकार्यको अध्ययनबाट त्रुटि विश्लेषण सम्बन्धी थुप्रै अनुसन्धानहरू भएका पाइन्छन् । यस्ता कार्यहरूले त्रुटि हुनुका कारणहरू र निराकरणका लागि गोरेटो पनि देखाएका छन् । विगतका अध्ययनहरू हेर्दा भएका कार्य आ-आफ्नो क्षेत्रसँग सम्बन्धित छन् । यस शोध पत्रमा अहिलेसम्म अध्ययनको क्षेत्रभित्र नलिइएको गीतानगर गा.वि.स.का कक्षा ८ मा अध्ययनरत

---

८ सूर्य राज आचार्य, **चितवन जिल्ला मङ्गलपुर गा.वि.स. अन्तर्गतका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यासगत त्रुटिहरूको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोध पत्र, नेपाली भाषा शिक्षा विभाग, बाल कुमारी कलेज, चितवन, २०६८), पृ. २१-४३ ।

९ टीका कँडेल, **चितवन जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोध पत्र, नेपाली भाषा शिक्षा विभाग, बाल कुमारी कलेज, चितवन, २०६८), पृ. ८-९० ।

१० शोभा देवकोटा, **गीतानगर गा.वि.स.का कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोध पत्र, नेपाली भाषा शिक्षा विभाग, बाल कुमारी कलेज, चितवन, २०६८), पृ. ११-८१ ।

विद्यार्थीले वर्ण विन्यासमा गर्ने त्रुटिहरूको विश्लेषण शीर्षकको व्यापक, व्यवस्थित र सुसङ्गठित अनुसन्धान आवश्यक ठानी यो अनुसन्धान गरिएको हो । यस अनुसन्धानबाट भविष्यमा स्तरीय नेपाली उच्चारण र लेखाइमा समेत विद्यार्थीहरू सक्षम हुन्छन् ।

## १.७ शोध कार्यको महत्त्व र औचित्य

त्रुटि विश्लेषण भाषिक सीप विकासमा एउटा नवीन विषय बन्न पुगेको छ । विविध भाषाभाषी विद्यार्थीहरूमा वैयक्तिक विविधताले गर्दा वर्ण विन्यासगत त्रुटिहरू देखिएको छ । यसकारण यस्ता त्रुटिहरू हुनुका कारण पत्ता लगाई निराकरणका लागि के र कस्ता उपायहरू अपनाउन सकिन्छ भन्नेतर्फ अनुसन्धान केन्द्रित रहेको छ । विद्यार्थीहरूले भाषिक सीप विकासमा के-कति प्रगति गरे, कुन गतिमा सिकाइ प्रक्रिया अगाडि बढिरहेको छ र कुन शिक्षण विधि प्रयोग गर्दा कक्षा कार्यकलाप बढी प्रभावकारी भएको छ भन्ने कुराको जानकारी लिन त्रुटि विश्लेषणको बढी महत्त्व देखिएको छ ।

प्रस्तुत विषयमा केन्द्रित रहेर गीतानगर गा.वि.स. अन्तर्गत छनौट गरिएका चारवटा विद्यालयहरूमा हालसम्म नि.मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यासगत त्रुटिहरूको अध्ययन नभएकाले यस किसिमको अध्ययन आवश्यक ठानिएको छ । प्रस्तावित अध्ययनले नेपाली भाषा साहित्यको क्षेत्रमा विशेष योगदान पुग्ने देखिएको छ । यस्तै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका शिक्षण सामग्री आदिको निर्माण र आगामी अध्ययनहरूमा आधार सामग्री हुनसक्ने तथा सम्बन्धित क्षेत्रका अध्येता, शिक्षक एवम् विद्यार्थीहरूका निमित्त सहयोग पुग्ने भएकाले यसको महत्त्व छ ।

## १.८ शोध कार्यको सीमाङ्कन

अनुसन्धान आफैमा एक जटिल विषय हो । यसको क्षेत्र व्यापक भएका कारण निश्चित क्षेत्र तोकी सीमाङ्कन गर्नुपर्ने भएको छ । यस क्षेत्रसँग सम्बन्धित अनुसन्धानमा पनि सबै विद्यार्थीहरूको परिक्षण गर्न असम्भव भएका कारणले सम्बन्धित शोध कार्यलाई पनि सीमाङ्कन गरिएको छ जसलाई निम्नलिखित बुँदामा प्रस्तुत गरिन्छ –

(क) चितवन जिल्ला अन्तर्गत गीतानगर गा.वि.स.मा सञ्चालित नमुना छनौट गरिएका दुईवटा सामुदायिक र दुईवटा संस्थागत गरी जम्मा चारवटा विद्यालयका कक्षा ८ मा अध्ययनरत विद्यार्थीलाई मात्र अध्ययनका लागि छनौट गरिएको छ ।

(ख) उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यास अन्तर्गत ह्रस्वदीर्घ, श/ष/स, व र ब, य र ए, क्ष र छ, पदयोग-पदवियोग, हलन्त-अजन्त, चन्द्रविन्दु र शिरविन्दु एवम् पञ्चमवर्ण सम्बन्धी त्रुटिसँग मात्र सम्बन्धित रहेको छ ।

(ग) यस अध्ययनको निष्कर्ष तोकिएका विद्यार्थीबाट निर्दिष्ट प्रश्नावली अनुसार प्राप्त तथ्याङ्कीय सूचनाको विश्लेषणमा आधारित रहेको छ ।

## १.९ सामग्री सङ्कलन र शोध विधि

प्रस्तावित शोध कार्यको प्रयोजनका लागि अनुसन्धेय विषयवस्तुसँग सम्बन्धित पक्षहरूका बारेमा विद्यार्थीहरूसँग लिखित एवम् मौखिक प्रश्नावली अन्तर्क्रिया गरेर सामग्री सङ्कलन गरिएको छ । यसका लागि विशेषत: पुस्तकीय विधिलाई अवलम्बन गरिएको छ । आवश्यकता अनुसार वर्णनात्मक, विश्लेषणात्मक, निगमनात्मक र आगमनात्मक विधिको उपयोगका साथै सम्बन्धित विषय विशेषज्ञको सहयोग, रायसल्लाह पनि लिएको छ ।

## १.१० शोध पत्रको रूपरेखा

प्रस्तावित शोध अनुसन्धानको प्रतिवेदन बाह्य संरचनालाई व्यवस्थित र सुसङ्गठित बनाउनका लागि यसलाई विभिन्न परिच्छेदहरूमा विभाजन गरिएको छ र आवश्यकता अनुसार ती परिच्छेदभित्र शीर्षक र उपशीर्षकहरूलाई पनि प्रस्तुत गरिएको छ जसको रूपरेखा निम्नलिखित रहेको छ –

(१) पहिलो परिच्छेद : **शोध पत्रको परिचय**

यस परिच्छेद अन्तर्गत शोधको शीर्षक, प्रयोजन, समस्या, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोध कार्यको औचित्य, शोध कार्यको सीमाङ्कन र शोधविधि आदि समावेश गरिएको छ ।

(२) दोस्रो परिच्छेद : **वर्ण विन्यासगत त्रुटि विश्लेषणको सैद्धान्तिक परिचय**

यस अन्तर्गत त्रुटिको परिचय, त्रुटिका स्रोतहरू तथा वर्गीकरण, पद्धति तथा प्रक्रिया समावेश गरिएको छ ।

(३) तेस्रो परिच्छेद : **वर्ण विन्यासको सैद्धान्तिक अवधारणा र विश्लेषणका आधारहरू**

यस अन्तर्गत वर्ण विन्यासको परिचय, ह्रस्वदीर्घ सम्बन्धी नियम, हलन्त-अजन्त, चन्द्रबिन्दु र शिरबिन्दु, लेख्यचिह्नको प्रयोग आदि समावेश गरिएको छ ।

(४) चौथो परिच्छेद : **वर्ण विन्यास सम्बन्धी त्रुटिको विश्लेषण**

यस अन्तर्गत विद्यार्थीहरूले विविध क्षेत्रमा गरेका त्रुटिहरूलाई समावेश गरिएको छ ।

(५) पाँचौं परिच्छेद : **निष्कर्ष तथा सुझाव**

यस अन्तर्गत आफ्नो निष्कर्ष, सुझाव र परिशिष्ट प्रस्तुत गरिएको छ ।

यसका साथै सन्दर्भ ग्रन्थ सूची, परिशिष्ट आदि आवश्यकता अनुसार समावेश गरी सर्वाङ्गपूर्ण शोध पत्र तयार गरिएको छ ।

# दोस्रो परिच्छेद
# वर्ण विन्यासगत त्रुटि विश्लेषणको सैद्धान्तिक परिचय

## २.१ विषयप्रवेश

भाषा शिक्षण अत्यन्तै जटिल प्रक्रिया हो । भाषा सिक्ने क्रम व्यक्तिपिच्छे फरक-फरक हुन्छ । सिकाइको क्रममा व्यक्तिले विभिन्न किसिमका प्रयत्न र भूलहरू, अनुकरण सिद्धान्त र सादृश्यको नियम अनुसरण गरेर भाषा सिक्ने गर्दछ तर त्रुटि भने एकै किसिमको नभई व्यक्तिपिच्छे फरक-फरक किसिमका हुन्छन् । त्यस्ता त्रुटि भाषाका चारवटै सीपमा हुन्छन् । त्यसमा पनि लेखाइ र बोलाइमा बढी मात्रामा त्रुटि हुने गरेको पाइन्छ । 'शिक्षार्थीले भाषा सिकाइको क्रममा गर्ने त्रुटिहरूको विश्लेषण गर्ने कार्यलाई त्रुटि विश्लेषण भनिन्छ ।' त्रुटि विश्लेषण एक आधुनिक विषयको रूपमा देखापरेको विधा हो । खासगरी व्यतिरेकी विश्लेषणमा कमजोरीहरू देखापरेपछि त्यसको वैकल्पिक स्थान लिन सफल त्रुटि विश्लेषण सन् १९७० को दशकपछि विशेष चर्चामा रहेको देखिन्छ । त्रुटि विश्लेषणका सम्बन्धमा केही विद्वान्‌हरूले दिएका भनाइहरू तल उल्लेख गरिन्छ ।

(क) भाषा सिकाइका क्रममा विद्यार्थीहरूले के-कस्ता प्रकृतिका त्रुटिहरू के कारणले गर्दछन् भनी गरिने अध्ययन-विश्लेषण नै त्रुटि विश्लेषण हो । जसले ती त्रुटिहरूको निराकरण गर्न सहयोग पुऱ्याउँदछ ।[१]

(ख) 'त्रुटि विश्लेषण मूलतः दोस्रो वा अन्य भाषा शिक्षणका सन्दर्भमा विकसित दृष्टिकोण तथा पद्धति हो तापनि त्यसकै समस्थिति र भिन्न स्थितिमा पनि उपयोग गर्न सकिने कुरा विभिन्न भाषाभाषी पृष्ठभूमि भएका शिक्षार्थीहरूले

---

१ भोजराज ढुङ्गेल, र दुर्गा प्रसाद दाहाल, **प्रायोगिक भाषा विज्ञान**, (काठमाडौं : एम के पब्लिसर्स, २०५८), पृ. १८८ ।

मानक नेपाली सिक्दा विभिन्न किसिमका त्रुटिहरू गर्ने र उक्त त्रुटिहरूको अध्ययन भाषा शिक्षणमा प्रभावकारिता थप्न निकै उपयोगी हुन्छ ।[२]

(ग) त्रुटिबिना भाषाको आर्जन वा सिकाइ सम्भव छैन किनभने केही न केही गल्ती नगरी हामी सिक्न सक्दैनौँ । भाषाको आर्जन वा सिकाइ जब-जब हुन्छ तब-तब त्रुटि गर्नका साथै परिमार्जन गर्दै भाषा सिक्छौँ । पहिले-पहिले त्रुटिलाई असफलता र बौद्धिक कमजोरीको रूपमा लिने गरे पनि अहिले यसलाई सफलता, प्रगति र विकासशील प्रक्रियाको रूपमा लिइन्छ ।[३]

(घ) 'स्रोत वा प्रथम भाषाको प्रभाव वा अन्य कारणले गर्दा व्यक्तिले दोस्रो भाषा सिक्दा बढी त्रुटि गर्ने गर्दछ । त्रुटि गर्नु आफैँमा दोष होइन बरु त्रुटि निराकरण गर्न नसक्नु दोष हो ।[४]

(ङ) भाषा सिक्ने वा भाषाको प्रयोग गर्ने क्रममा मानिसहरूले के-कस्ता त्रुटिहरू गर्दछन् र त्यस्ता त्रुटिहरू के-कति कारणले गर्दा भएका हुन्छन् भन्ने कुराको अध्ययन-विश्लेषणलाई त्रुटि विश्लेषण भनिन्छ ।[५]

माथिका परिभाषाहरूबाट त्रुटि विश्लेषणका सम्बन्धमा यस्तो निष्कर्ष निकाल्न सकिन्छ :

त्रुटि विश्लेषणले समभाषिक, विषमभाषिक जुनसुकै पृष्ठभूमि भएका सिकारुले भाषा सिकाइको स्तर र त्यसमा रहेका समस्यासँग शिक्षकहरूलाई सुपरिचित तुल्याउँछ । जसले गर्दा शिक्षकहरूले आफ्नो गन्तव्यलाई सहज र सुनिश्चित गर्न सहयोग पुग्दछ ।

## २.२ त्रुटि विश्लेषणको महत्त्व

भाषा सिकाइका क्रममा त्रुटिहरूको अध्ययन विद्यार्थीहरूमा खास भाषा विकास प्रक्रियाको अध्ययनसँग सम्बद्ध छ । भाषा विकासको प्रक्रियाको अध्ययन पहिलो भाषा वा मातृभाषामा मात्र नभई दोस्रो वा अध्ययनीय भाषा सिकाइमा पनि महत्त्वपूर्ण हुन आउँछ । त्रुटि विश्लेषण भाषा

---

२ हेमाङ्ग राज अधिकारी, **सामाजिक तथा प्रायोगिक भाषा विज्ञान**, (काठमाडौँ : रत्नपुस्तक भण्डार, २०६२), पृ. १३९ ।

३ रामचन्द्र लम्साल र अन्य, **प्रायोगिक भाषा विज्ञान**, (काठमाडौँ : भुँडी पुराण प्रकाशन, २०६३), पृ. १५७ ।

४ केशव पोखरेल, **सामान्य र प्रायोगिक भाषा विज्ञान**, (काठमाडौँ : प्रधान बुक हाउस, २०६५), पृ. २६४ ।

५ पारसमणि भण्डारी, **प्रायोगिक भाषा विज्ञानका केही पक्ष**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५४), पृ. १ ।

सिकाइका क्रममा अति महत्त्वपूर्ण मानिन्छ । यसलाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

(क) त्रुटि विश्लेषण भाषाका सिकाइ प्रक्रियाको अध्ययन गर्ने एउटा महत्त्वपूर्ण पद्धति हो । यसले त्रुटिपरक दृष्टिले प्रत्येक भाषाका सिकाइ प्रक्रियाको अध्ययन गर्ने हुनाले एकातिर यसबाट सम्बन्धित भाषाका विद्यार्थीहरूले गर्ने त्रुटिहरूको ज्ञान हुन्छ, अर्कोतिर भाषाको सिकाइक्रम तथा प्रवृत्तिको समेत जानकारी प्राप्त हुने हुनाले यसको अध्ययनको महत्त्व प्रायोगिकका साथै सैद्धान्तिक दृष्टिले पनि बढ्दै गएको छ ।

(ख) त्रुटिहरूको अध्ययन दोस्रो भाषा सिकाइको क्रममा विशेष प्रासङ्गिक हुन्छ ।

(ग) शिक्षकहरूलाई पठनपाठनका निम्ति शैक्षिक सामग्री निर्माण तथा अभ्यास निर्माण गर्ने कार्यमा त्रुटि विश्लेषण सहयोगी हुन्छ ।

(घ) पहिलो र दोस्रो भाषाको संरचना समान भएका ठाउँमा सुविधा हुने र असमान भएका ठाउँमा बाधा हुने र त्यसका लागि त्रुटि विश्लेषणले मद्दत गर्दछ ।

(ङ) त्रुटि विश्लेषणले त्रुटिहरूलाई सिकाइका कमजोरी मान्ने परम्परागत धारणालाई अस्वीकार गर्छ र यसले त्रुटिलाई भाषा सिकाइको सहज एवम् अभिन्न अङ्गका रूपमा मान्दछ । त्रुटिहरूबाट नै विद्यार्थीहरूमा भाषाको विकास थाहा पाइने हुनाले उनीहरूको भाषा सिकाइ त्रुटिविहीन स्थितिबाट गुज्रन सक्छ भन्ने कुरा अस्वाभाविक छ ।

(च) सिकाइका विभिन्न चरणहरूमा देखापर्ने त्रुटिहरूको व्यक्तिगत विवरणको तयारी गरी अध्ययन-विश्लेषण गरिएमा तिनको प्रकृतिमा आएको विविधताले शिक्षकहरूलाई त्रुटिप्रतिको गलत धारणा निराकरण गर्न स्पष्ट मद्दत मिल्दछ ।

त्रुटि विश्लेषण पश्चात् शिक्षकलाई विद्यार्थीले के, कहाँ, कसरी त्रुटि गर्दारहेछन् भनी त्रुटिको पहिचान गर्न सहयोग पुग्दछ । त्यसको पहिचानबाट पाठ्यसामग्री निर्माण, पाठ्यक्रम, शिक्षण विधि र अन्य सामग्री निर्माणमा समेत टेवा पुग्दछ । भाषा शिक्षणका क्रममा व्यक्तिले कस्ता पक्षमा गल्ती गर्छन् भनी व्यक्तिगत विवरण तयार पारेर अध्ययन-विश्लेषण गरेमा त्रुटिको प्रकृति पहिचान गरी निराकरण गर्न शिक्षकलाई सहज हुन्छ । त्रुटि विश्लेषणबाट भाषाको व्यवस्थित अध्ययन हुने हुँदा यसबाट शिक्षकलाई पृष्ठपोषण लिने र दिने कार्यमा शिक्षक र विद्यार्थी दुवैलाई सहयोग पुग्न जान्छ र भाषिक सम्पादन गर्नमा सघाउ पुऱ्याउँदछ ।

## २.३ त्रुटि स्रोत र कारक तत्त्वहरू

कतिपय स्थितिमा पहिलो र दोस्रो भाषा सिकाइ समान जस्तो देखिए तापनि विभिन्न प्रभावक तत्त्वहरूले गर्दा यी दुईमा भिन्नता हुन्छ । फेरि सिकाइ प्रक्रिया मूलत: उस्तै मानिए पनि सिकिने भाषा र सिकिसकिएको भाषाको संरचनात्मक तथा अन्य विशेषतागत विभिन्नताले कठिनाइको मात्रा फरक-फरक हुन्छ । वस्तुत: त्रुटि स्रोतभाषा र लक्ष्यभाषा दुवैमा हुने गर्दछ । यसका कारक तत्त्वहरू क्रमश: तल उल्लेख गरिन्छ[६] :

### २.३.१ स्रोतभाषा :

भाषा सिकाइको क्रममा सिकारुले स्रोत भाषाका विशेषताहरू लक्ष्यभाषाका विशेषताहरूसँग सामान्यीकरण गर्न खोज्दछ । समवर्गीय भाषाको सिकाइमा सहजता र भिन्न वर्गीय भाषाको सिकाइहरूमा जटिलता हुन्छ ।

### २.३.२ लक्ष्यभाषा :

लक्ष्यभाषा भन्नाले विद्यार्थीले सिक्न चाहेको भाषा हो । सिकारुले पहिले सिकिसकेको भाषा सिक्न चाहेको भाषाभन्दा भिन्न छ भने उसलाई सो भाषा सिक्न कठिन हुन्छ । त्यसैले लक्ष्यभाषालाई पनि त्रुटिकै कारक तत्त्वका रूपमा लिइन्छ ।

### २.३.३ सिकारुको उमेर :

प्रौढले भन्दा किशोर अवस्थाका सिकारुले दोस्रो भाषा छिटो सिक्न सक्छ । तसर्थ उमेर पनि दोस्रो भाषा सिकाइमा प्रभाव पार्ने कारक तत्त्व हो ।

### २.३.४ भाषिक वातावरण :

भाषा सिकाइका क्रममा सिकारुले प्राप्त गरेको भाषिक वातावरणलाई पनि त्रुटिको प्रभावक तत्त्वका रूपमा लिन सकिन्छ । पहिलो भाषाको सिकाइ सिकारुले स्वतन्त्र र अनियन्त्रित वातावरणमा गर्दछ भने दोस्रो भाषाको सिकाइ सिकारुले नियन्त्रित वातावरणमा गर्दछ । त्यसैले भाषिक वातावरण पनि त्रुटिको कारक तत्त्व मानिन्छ ।

---

६ हेमाङ्ग राज अधिकारी, **सामाजिक तथा प्रायोगिक भाषा विज्ञान**, चौथो संस्क., (काठमाडौं : रत्नपुस्तक भण्डार, २०६५), पृ. १४३ ।

### २.३.५ कठिनाइ तथा जटिलता :

भाषा सिक्ने क्रममा भाषाका विभिन्न सीपहरू सिक्नु पर्दछ । भाषाका सामान्य पक्ष सिक्दा कम त्रुटि हुन जान्छ र जटिल पक्ष सिक्नपर्दा बढी त्रुटि हुन जान्छ ।

## २.४ त्रुटिको वर्गीकरण

भाषा सिकाइको प्रारम्भिक अवस्थामा सिकारुले विविध किसिमका त्रुटिहरू गर्दछन् । जति-जति सिकारुहरूमा परिपक्वता बढ्दै जान्छ त्यति-त्यति नै उसले गर्ने त्रुटिमा पनि कमी आउँछ । शिक्षार्थीले भाषा सिकाइका क्रममा विविध किसिमका त्रुटिहरू गर्दछ । त्रुटिको वर्गीकरण गर्ने सन्दर्भमा एस.पिट. कर्डर (१९७३ : २७१) ले विद्यार्थीहरूले गर्ने त्रुटिलाई अव्यवस्थित, व्यवस्थित र उत्तर व्यवस्थित गरी ३ चरणमा विभाजन गरेका छन् ।[७]

### २.४.१ विकासशीलताका आधारमा

सिकाइको विकासक्रमलाई विकासशीलता भनिन्छ । अर्को शब्दमा सिक्ने क्रमको गतिलाई विकासशीलता भनिन्छ । विकासशील त्रुटिलाई ३ भागमा विभाजन गर्न सकिन्छ ।

#### २.४.१.१ अव्यवस्थित त्रुटि

सिकारुले प्रारम्भिक अवस्थामा गर्ने त्रुटि नै अव्यवस्थित त्रुटि हो । यस प्रकारको त्रुटिमा एउटै शिक्षार्थीहरूले गर्ने त्रुटि एकै प्रकारको नभई बेग्लाबेग्लै प्रकृतिका हुन्छन् । यस प्रकारको त्रुटिले भाषाको नियम भङ्गसँग सम्बन्ध राख्दछ । त्रुटिको प्रकृति गतिशील हुने भएकाले यस प्रकारको त्रुटिलाई अनियमित त्रुटि पनि भनिन्छ । अव्यवस्थित त्रुटि व्यक्तिपरक हुन्छ ।

#### २.४.१.२ व्यवस्थित त्रुटि

भाषा प्रयोगमा सचेत हुँदाहुँदै पनि सिकारुले सुधार्न नसकिने त्रुटिलाई व्यवस्थित त्रुटि भनिन्छ । प्राय: यस प्रकारको त्रुटि कुनै व्यक्तिले मातृभाषा बाहेक अन्य भाषा सिक्दा गलत

---

७ रामप्रसाद गौतम, **भाषा विज्ञानका प्रमुख आयाम**, (काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार, २०६१), पृ. १०६ ।

सामान्यीकरण, भाषिक ज्ञानको अभाव आदिका कारण हुन पुग्दछ । त्यसैले यस प्रकारको त्रुटि समूहपरक हुन्छ, जस्तै: हामी भात खायो ।

#### २.४.१.३ **उत्तर व्यवस्थित त्रुटि**

भाषा सिक्ने क्रममा नियम तथा सिद्धान्तको ज्ञान भएर पनि भाषिक प्रयोगकर्ताको असावधानीका कारण हुने त्रुटिहरूलाई उत्तर व्यवस्थित त्रुटि भनिन्छ । यसैलाई असावधानीगत त्रुटि पनि भनिन्छ । यस्ता त्रुटिलाई अभ्यासद्वारा कम गराउँदै लैजान सकिन्छ ।

### २.४.२ **स्रोतका आधारमा**

शिक्षार्थीहरूले भाषाको कुन स्रोतबाट त्रुटि गरेको हो त्यस आधारमा पनि त्रुटिलाई वर्गीकरण गर्न सकिन्छ । सोही अनुसार त्रुटिलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

#### २.४.२.१ **भाषान्तरिक त्रुटि**

सिकिरहेको भाषिक व्यवस्थासँग सम्बन्धित त्रुटिलाई भाषान्तरित त्रुटि भनिन्छ । यस्तो त्रुटि लक्ष्य भाषाकै आन्तरिक व्यवस्थाको अति सामान्यीकरणबाट उत्पन्न भएको देखिन्छ ।[८]

#### २.४.२.२ **अन्तर भाषिक त्रुटि**

सिकिरहेको भाषिक व्यवस्थासँग सम्बन्धित नभई अन्य भाषिक व्यवस्थासँग सम्बन्धित त्रुटिलाई अन्तर भाषिक त्रुटि भनिन्छ ।[९]

### २.४.३ **भाषा कोटिका आधारमा**

त्रुटिहरूलाई भाषाका कोटि वा तहका आधारमा पनि विभाजन गर्न सकिन्छ । यस्ता त्रुटिहरू उच्चारणगत, हिज्जेगत, व्याकरणगत, अर्थतात्त्विक एवम् शब्दभण्डारगत, शैलीगत

---

८ हेमाङ्ग राज अधिकारी, **सामाजिक तथा प्रायोगिक भाषा विज्ञान**, पूर्ववत्, पृ. १४८ ।

९ ऐजन ।

जस्ता प्रकृतिहरूमा देखाउन सकिन्छ । यसरी त्रुटि भाषाको कुन कोटिको हो सो पहिचान गरी भाषा सिकाइका क्रममा हुने त्रुटिहरूको न्यूनीकरण गर्न सकिन्छ ।[१०]

## २.४.४ गम्भीरताका आधारमा

भाषा विचार विनिमयको सशक्त माध्यम हो । विचारको विनियम गर्ने कार्यमा कुनै त्रुटिले बाधा पुऱ्याउँछ भने कुनै त्रुटिले बाधा पुऱ्याउँदैन । त्यसैले कुनै त्रुटिले विचार विनियमको क्रममा अर्थमा पुऱ्याउने बाधाको गहनता नै गम्भीरता हो । गम्भीरताका आधारमा त्रुटिहरू दुई प्रकारका हुन्छन् :

(१) अर्थबाधक त्रुटि

(२) अर्थ अबाधक त्रुटि ।

### २.४.४.१ अर्थबाधक त्रुटि

जुन त्रुटि हुँदा अर्थ बुझ्न सकिँदैन । त्यस्तो त्रुटिलाई अर्थबाधक त्रुटि भनिन्छ ।

### २.४.४.२ अर्थ अबाधक त्रुटि

जुन त्रुटि हुँदा अर्थमा कुनै बाधा हुँदैन यस प्रकारको त्रुटिलाई अर्थ अबाधक त्रुटि भनिन्छ ।

## २.४.५ व्यापकताका आधारमा

त्रुटिले समेट्ने सीमाको विस्तार नै व्यापकता हो । भाषा सिकाइका क्रममा पहिलो थरीको त्रुटि खास शब्द वा पदगत हुन सक्छन् र दोस्रो थरीका चाहिँ वाक्यका एकभन्दा बढी शब्द वा पदावलीसँग सम्बद्ध रहन्छ । यस आधारमा त्रुटिलाई निम्नानुसार देखाउन सकिन्छ :

### २.४.५.१ आंशिक त्रुटि

कुनै वाक्यको खास अंशमा वा शब्दमा मात्र त्रुटि हुन गएमा आंशिक त्रुटि हुन जान्छ ।

---

१० पूर्ववत्, पृ. १४७ ।

### २.४.५.२ **समग्र त्रुटि**

कुनै पनि वाक्यको संरचनागत त्रुटि नभए पनि वाक्यमा धेरै ठाउँमा वा पक्षहरूमा त्रुटि हुन गएमा समग्र त्रुटि हुन जान्छ ।

## २.४.६ **स्वरूपका आधारमा**

त्रुटिहरूलाई बाह्य स्वरूपका आधारमा दुई भागमा वर्गीकरण गर्न सकिन्छ :

### २.४.६.१ **लोपगत त्रुटि**

विद्यार्थीले कुनै भाषा बोल्दा वा लेख्दा कतिपय वर्णहरू, शब्दहरू आदि छुटाउने गर्दछन् । त्यस प्रकारको त्रुटिलाई लोपगत त्रुटि भनिन्छ ।

### २.४.६.२ **थपोटगत त्रुटि**

कुनै त्रुटि हुँदा वास्तविक स्वरूपमा केही कुरा थपिएर आउँछ भने त्यस प्रकारको त्रुटिलाई थपोटगत त्रुटि भनिन्छ ।

## २.४.७ **औचित्यका आधारमा**

व्याकरणात्मक दृष्टिले ठीक भए पनि सन्दर्भ अनुरूप उपयुक्त नभएको प्रयोगलाई यस किसिमको त्रुटि भन्न सकिन्छ ।[११] शैलीविशेषसँग सम्बद्ध त्रुटिहरू यस अन्तर्गत आउँछन् । यसलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ :

### २.४.७.१ **व्याकरणीक त्रुटि**

व्याकरणसँग सम्बन्धित त्रुटिलाई व्याकरणीक त्रुटि भनिन्छ । व्याकरणीक त्रुटि अन्तर्गत रूपगत, वाक्यगत, वाक्यान्तरणगत त्रुटिहरू पर्दछन् । यस प्रकारका त्रुटि गर्ने व्यक्तिले अव्याकरणीक वाक्यहरू उत्पादन गर्दछ ।

---

११ पूर्ववत्, पृ. १४९ ।

#### २.४.७.२ सन्दर्भगत त्रुटि

व्याकरणका दृष्टिले शुद्ध वाक्य उत्पादन गरेर पनि त्यसको प्रयोग गलत सन्दर्भमा भयो भने त्यो सन्दर्भगत त्रुटि हुन्छ । कहिलेकाहीँ व्याकरणीक रूपमा अशुद्ध वाक्य पनि सन्दर्भगत रूपमा शुद्ध हुन पुग्छ । यस्तो अवस्थाका वाक्यहरू त्रुटिपूर्ण वाक्य मानिँदैन ।

## २.५ त्रुटि विश्लेषण पद्धति

त्रुटि विश्लेषण एउटा प्रक्रिया हो । आवश्यक सबै प्रक्रियाहरू पूरा गरेर मात्र त्रुटि विश्लेषण सम्पन्न हुन्छ । त्रुटि विश्लेषणमा सामान्यत: दुई किसिमका पद्धतिहरू अपनाउन सकिन्छ[१२] :

### २.५.१ पूर्वनिर्धारित कोटि पद्धति

यस पद्धति अनुरूप सर्वप्रथम विद्यार्थीहरूले गर्ने त्रुटिहरू के-कस्ता भाषा, व्याकरणगत कोटि अन्तर्गत हुन सक्छन् तिनको प्रकृति र प्रकार पहिले नै अनुमान गरिन्छ । त्यसपछि विद्यार्थीले बोलेका वा लेखेका खास अभिव्यक्तिहरू सङ्कलन गरी तिनको अध्ययन गरेर प्राप्त भएका त्रुटिहरूलाई पूर्वनिर्धारित कोटिगत स्तम्भहरू भरिन्छ अनि त्रुटिहरू पत्ता लगाई वर्गीकरण, व्याख्या र विश्लेषण गरिन्छ ।

### २.५.२ पश्चनिर्धारित कोटि पद्धति

यस पद्धतिमा विद्यार्थीले बोलेका वा लेखेका खास अभिव्यक्तिहरू सङ्कलन गरी तिनको अध्ययन गरेर मात्र त्रुटिहरूको प्रकृति पहिचान गर्ने तथा छानबिन गर्ने गरिन्छ अनि त्यसैका आधारमा त्रुटिहरूको वर्गीकरण, व्याख्या र विश्लेषण गरिन्छ ।

## २.६ त्रुटि विश्लेषण प्रक्रिया

विद्यार्थीले भाषा सिकाइको क्रममा गर्ने त्रुटिहरूको विश्लेषण कसरी गर्ने सवाल नै त्रुटि विश्लेषण प्रक्रिया हो । कुनै पनि प्रक्रिया पूरा हुनका लागि विभिन्न क्रम तथा चरणहरू पार गर्नु पर्दछ । ती चरणहरू तल उल्लेख गरिएको छ[१३] :

---

१२ हेमाङ्ग राज अधिकारी, **भाषा शिक्षणका केही परिप्रेक्ष्य तथा पद्धति**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५३), पृ. ११४ ।

१३ हेमाङ्ग राज अधिकारी, **सामाजिक तथा प्रायोगिक भाषा विज्ञान**, पूर्ववत्, पृ. १५० ।

(१) त्रुटिको सङ्कलन

(२) त्रुटिको वर्गीकरण

(३) त्रुटिको व्याख्या

(४) त्रुटिको निराकरण

## २.६.१ त्रुटिको सङ्कलन

विद्यार्थीहरूले मौखिक वा लिखित अभिव्यक्तिहरूमा गर्ने त्रुटिहरूको सङ्कलन गर्नु पर्दछ । त्रुटिको सङ्कलन गर्नुअघि त्रुटि हो वा होइन भनेर पहिचान गर्नु पर्दछ । त्रुटि पहिचान गर्ने क्रममा सम्भाव्य गल्ती प्रयोगहरू असावधानीगत वा नियमित हुन् सो को ख्याल गर्नु पर्दछ ।

## २.६.२ त्रुटिको वर्गीकरण

त्रुटिको पहिचान गरेपछि त्रुटिहरू कुन-कुन प्रकृतिका छन भनेर वर्गीकरण गर्नु पर्दछ । त्रुटिहरूको वर्गीकरणका लागि विकासशीलता, भाषाकोटि, स्रोत, गम्भीरता, व्यापकता, स्वरूप र औचित्य आदि आधार लिनु पर्दछ ।

## २.६.३ त्रुटिको व्याख्या

त्रुटि कुन प्रकृतिको हो ? त्रुटि हुनुका कारणहरू के हुन् ? त्रुटि मातृभाषाको कारणले उत्पन्न भएको हो ? त्रुटि पाठ्यसामग्रीको अनुपयुक्तताबाट उत्पन्न भएको हो आदि विषयको व्याख्या गर्ने काम त्रुटि विश्लेषण अन्तर्गत पर्दछ । त्रुटि उच्चारण, शब्दरचना, रूप रचनागत, शब्द प्रयोगगत, वाक्यगत, वर्ण विन्यासगत आदि कुन क्षेत्रसँग सम्बन्धित छ सो पत्ता लगाउने काम त्रुटिको व्याख्या अन्तर्गत पर्दछ ।

## २.६.४ त्रुटिको निराकरण

विश्लेषकले त्रुटिहरूको अध्ययन-विश्लेषणबाट प्राप्त तथ्यहरूका आधारमा तिनको निराकरणका उपायहरू अपनाउनु उपयुक्त हुन्छ । त्रुटि विश्लेषणको खास प्रयोजन शिक्षार्थीमा निहित त्रुटिहरूको निराकरण गर्नु हो ।

## २.७ सारांश

कुनै पनि व्यक्तिले भाषा सिकाइ क्रममा गर्ने त्रुटिहरूको वर्णन विश्लेषण गर्ने क्रमलाई त्रुटि विश्लेषण भनिन्छ । त्रुटि विश्लेषण भाषा सिक्ने विद्यार्थीहरूले भाषा सिकाइका क्रममा गर्ने त्रुटिहरूको पहिचान, व्याख्या र विश्लेषणका लागि सहयोग गर्ने प्रायोगिक भाषा विज्ञानको एउटा शाखा हो । भाषा सिकाइका क्रममा के-कस्ता समस्याहरू आउँछन् र ती समस्याहरू समाधानका उपायहरू के-के हुन सक्छन् भनी पत्ता लगाउनु त्रुटि विश्लेषणको मुख्य उद्देश्य हो । यसका साथै शिक्षकलाई आफ्नो शिक्षण प्रक्रियामा सुधार गर्न सहयोग गर्नुका साथै शैक्षणिक योजना तयार गर्न सामग्री र अभ्यास निर्माण गर्न तथा आत्म मूल्याङ्कन गर्न समेत सहयोग गर्दछ ।

त्रुटिका स्रोत वा कारक तत्त्वका रूपमा स्रोतभाषा, लक्ष्यभाषा, भाषिक वातावरण, सिकारुको उमेर र कठिनाइ आदिलाई विशेष रूपमा लिइन्छ ।

त्रुटिको वर्गीकरण गर्ने आधारहरूमा विकासशीलताको आधार, स्रोतको आधार, गम्भीरताको आधार, भाषाकोटिको आधार, व्यापकताको आधार स्वरूपको आधार र औचित्यको आधार मुख्य मानिन्छ ।

त्रुटि विश्लेषणको पद्धतिलाई पूर्वनिर्धारित र पश्चनिर्धारित पद्धति गरी दुई प्रकारका विश्लेषण गर्न सकिन्छ ।

त्रुटि विश्लेषणको प्रक्रिया अन्तर्गत त्रुटिको सङ्कलन त्रुटिको वर्गीकरण, त्रुटिको व्याख्या र त्रुटिको निराकरणलाई लिइन्छ ।

## तेस्रो परिच्छेद

# वर्ण विन्यासको सैद्धान्तिक अवधारणा र विश्लेषणका आधारहरू

## ३.१ विषय प्रवेश

वर्णहरूको व्यवस्थित वा नियमबद्ध रखाइलाई वर्ण विन्यास भनिन्छ । अर्को शब्दमा वर्ण र लेख्यचिह्नहरूलाई व्याकरणीक नियमसङ्गत उपयुक्त तरिकाले प्रयोग गर्नु र शब्दकोशीय नियमलाई उचित तरिकाले पालना गर्नु भन्ने बुझिन्छ । वर्ण विन्यासलाई अक्षर विन्यास हिज्जे, वर्तनी भनिन्छ । प्रत्येक भाषिक व्यवस्थाका निम्ति विभिन्न किसिमका आफ्नै नियमहरू छन् । लेख्य भाषामा विचारको सुस्पष्ट एवम् प्रौढ अभिव्यक्तिका लागि परिष्कृत एवम् शुद्ध भाषाको आवश्यकता पर्छ र यसै आवश्यकता परिपूर्ति गर्न वर्ण विन्यास सम्बन्धी ज्ञान आवश्यक हुन्छ ।

खासगरी नेपाली व्याकरणमा ह्रस्व, दीर्घ; श/ष/स को प्रयोग, य र ए को प्रयोग, ब र व को प्रयोग ऋ र रि को प्रयोग, छ र क्ष को प्रयोग, ज्ञ र ग्यँ को प्रयोग, हलन्त र अजन्तको प्रयोग, शिरबिन्दु र चन्द्रबिन्दुको प्रयोग, पदयोग र वियोगको प्रयोग र विभिन्न लेख्यचिह्नहरूसँग सम्बन्धित नियमलाई वर्ण विन्यास अन्तर्गत राखिन्छ ।

## ३.२ वर्ण विन्यास सम्बन्धी त्रुटि क्षेत्र

विद्यार्थीहरू वर्ण विन्यास लेखनका क्रममा त्यस्ता ठाउँमा बढी गल्ती गर्छन् जहाँ मौखिक उचारण र लिखित विन्यासमा भिन्नता हुन्छ । विद्यार्थीहरूले संस्कृत तत्सम वर्णहरूको विन्यासमा र ह्रस्व-दीर्घ सम्बन्धी मात्रामा बढी गल्ती गर्ने गरेको पाइन्छ । यी बाहेक अन्य क्षेत्रहरूमा हुने वर्ण विन्यास सम्बन्धी त्रुटिहरू तल उल्लेख गरिएको छ –

## ३.२.१ ह्रस्व सम्बन्धी नियम

### ३.२.१.१ शब्दादिमा ह्रस्व

तद्भव र आगन्तुक नाम, सबै व्युत्पन्न शब्दहरू सबै अनुकरणात्मक शब्द र धातु शब्दहरूका शब्दादिमा ह्रस्व हुन्छ ।

### ३.२.१.२ शब्द मध्यमा ह्रस्व

मूल नाम, विशेषण, अव्यय, व्युत्पन्न शब्दहरूजस्ता प्रत्यय लागेका शब्दका अन्त्यमा ह्रस्व हुन्छ ।

### ३.२.१.३ शब्दान्तमा ह्रस्व

पुलिङ्गी नाम, निर्जीव नाम, अव्यय, इक, इत, इयजस्ता प्रत्यय लागेका शब्दका अन्त्यमा ह्रस्व हुन्छ ।

## ३.२.२ दीर्घ सम्बन्धी नियम

### ३.२.२.१ शब्दादिमा दीर्घ

केही तत्सम शब्द र व्यञ्जन लोप भएका विशेषण शब्दहरूका शब्दादिमा दीर्घ हुन्छ ।

### ३.२.२.२ शब्द मध्यमा दीर्घ

इच्छार्थक क्रियापदहरू, ईय, अनीय, ईन प्रत्यय लागेका शब्द र केही तत्सम शब्दहरूका मध्यमा दीर्घ हुन्छ ।

### ३.२.२.३ शब्दान्तमा दीर्घ

स्त्रीलिङ्ग शब्द सबै सङ्ख्यावाचक शब्द, स्त्रीलिङ्ग क्रियापद, ली, ई जस्ता प्रत्यय लागेका शब्द, ठाउँ, नदी बुझाउने नाम, विशेषणबाट बनेका शब्द, भाववाची नाम, स्नेहवाची नामजस्ता शब्दका अन्त्यमा दीर्घ हुन्छ ।

## ३.२.३ 'श', 'ष' र 'स' को प्रयोग

### ३.२.३.१ 'श' को प्रयोग

संस्कृतका तत्सम शब्दमा, विसर्ग सन्धिको प्रयोग हुने स्थानमा 'स' र 'ष' वर्णभन्दा अगाडि आउने शब्दहरूमा 'ऋ', 'च' र 'ल' वर्णसँग 'श' को प्रयोग गरिन्छ ।

### ३.२.३.२ 'ष' को प्रयोग

नेपाली भाषामा प्रयुक्त तत्सम शब्दमा 'प', 'फ', 'क' र 'म' सँग जोडिएर आउँदा र 'ट', 'ठ', 'ड', 'ढ', 'ण' वर्णका अगाडि 'ष' को प्रयोग गरिन्छ ।

### ३.२.३.३ 'स' को प्रयोग

तद्भव शब्दमा, तत्सम शब्दमका सुरुमा, बीचमा र अन्त्यमा र ठेट नेपाली शब्दमा 'स' को प्रयोग गरिन्छ ।

## ३.२.४ 'ब' र 'व' को प्रयोग

### ३.२.४.१ 'ब' को प्रयोग

'ब' उच्चारण हुने सबै तद्भव र आगन्तुक शब्दहरूमा, 'ब' का अगाडि 'म' को उच्चारण हुँदा, केही सङ्ख्यावाचक शब्दमा, 'बद' र 'बे' उपसर्ग लागी बनेका शब्दमा 'ब' को प्रयोग गरिन्छ ।

### ३.२.४.२ 'व' को प्रयोग

नेपालीमा 'व' उच्चारण हुने शब्द 'वान्', 'वत्', 'वती', 'विद्' मा टुङ्गिने शब्द एवम् 'व्य' आएका शब्दमा साथै 'सम्' उपसर्गपछि 'व' र केही 'ब' उच्चारण भए पनि 'व' लेखिने शब्दमा 'व' को प्रयोग गरिन्छ ।

## ३.२.५ 'य' र 'ए' को प्रयोग

### ३.२.५.१ 'य' को प्रयोग

'य' बाट बनेका सर्वनाम, व्युत्पन्न शब्द, केही आगन्तुक शब्द र केही तत्सम शब्दमा र भूतकालका केही क्रियापदमा 'य' को प्रयोग गरिन्छ ।

### ३.२.५.२ 'ए' को प्रयोग

भूतकालको पहिलो र तेस्रो पुरुषका क्रियापदमा 'एको', 'एकी' र 'एर' प्रत्यय लागेका कृदन्त शब्दमा, इच्छार्थक क्रियापदमा, एक शब्दबाट बनेका शब्दमा, केही आगन्तुक शब्दमा र केही तत्सम शब्दमा 'ए' को प्रयोग गरिन्छ ।

## ३.२.६ 'ऋ' र 'रि' को प्रयोग

### ३.२.६.१ 'ऋ' को प्रयोग

'ऋ' को प्रयोग तत्सम शब्दमा मात्र 'ऋ' को प्रयोग हुन्छ ।

### ३.२.६.२ 'रि' को प्रयोग

तद्भव र आगन्तुक शब्दमा 'रि' को प्रयोग गरिनुका साथै केही तत्सम शब्दमा पनि 'रि' को प्रयोग गरिन्छ ।

## ३.२.७ 'ज्ञ' र 'ग्यँ' को प्रयोग

'ज्ञ' र 'ग्यँ' को संयोजनबाट बनेको संयुक्त व्यञ्जन वर्ण 'ज्ञ' हो । 'ज्ञ' वर्णको तत्सम शब्दहरूमा प्रयोग गरिन्छ । 'ग्यँ' को प्रयोग आगन्तुक र तद्भव शब्दमा गरिन्छ ।

## ३.२.८ 'छ' र 'क्ष' को प्रयोग

'छ' को प्रयोग तद्भव र आगन्तुक शब्दमा गरिन्छ भने 'क्ष' को प्रयोग तत्सम शब्दमा हुन्छ ।

## ३.२.९ 'चन्द्रबिन्दु' र 'शिरबिन्दु' को प्रयोग

### ३.२.९.१ 'चन्द्रबिन्दु' को प्रयोग

चन्द्रबिन्दुको प्रयोग तद्भव र आगन्तुक शब्दहरूमा, प्रथम पुरुषवाचक क्रियापदमा, स्वर अन्त्यमा आउने धातुमा गरिन्छ ।

### ३.२.९.२ '**शिरबिन्दु**' **को प्रयोग**

शिरबिन्दुले पञ्चम वर्णलाई बुझाउँछ । तत्सम शब्दमा 'य', 'र', 'ल', 'व', 'श', 'ष', 'स', 'ह', 'ज्ञ' वर्णभन्दा अगाडि पञ्चम वर्णका लागि शिरबिन्दुको प्रयोग गरिन्छ ।

## ३.२.१० '**हलन्त**' **र** '**अजन्त**' **को प्रयोग**

### ३.२.१०.१ '**हलन्त**' **को प्रयोग**

शब्दको अन्त्यमा स्वर नभएको वर्णको खुट्टा काट्नुलाई हलन्त भनिन्छ । व्यञ्जनान्त धातु, द्वितीय पुरुषवाचक क्रियापद, तृतीय पुरुष, बहुवचन र आदरार्थी क्रियापद, केही संस्कृतका तत्सम शब्द र अन्त्यमा 'वान्', 'मान्', 'वत्' अन्त्यमा आउने शब्दहरूमा 'हलन्त' को प्रयोग गरिन्छ ।

### ३.२.१०.२ '**अजन्त**' **को प्रयोग**

शब्दको अन्त्यमा स्वर भएको शब्दलाई अजन्त भनिन्छ । एकाक्षरी सर्वनाम र अव्यय शब्दमा, केही सङ्ख्यवाचक शब्दमा, तृतीय पुरुष एकवचन क्रियामा र अन्त्यमा संयुक्त वर्ण भएको शब्दमा 'अजन्त' को प्रयोग गरिन्छ ।

## ३.२.११ '**पदयोग**' **र** '**पदवियोग**' **को प्रयोग**

### ३.२.११.१ '**पदयोग**' **को प्रयोग**

दुई वा दईभन्दा बढी पदहरूलाई जोडेर एउटै डिकामा लेख्ने कार्यलाई पदयोग भनिन्छ । पदयोगलाई पदहरूको मिलन पनि भनिन्छ । उपसर्ग, प्रत्यय, विभक्ति, नामयोगी, समस्त शब्द द्वित्व शब्द लागेर बनेका शब्द, अकरण बनाउने 'न' र संयुक्त क्रियापदमा शब्दहरूलाई जोडेर लेख्नुपर्छ ।

### ३.२.११.२ '**पदवियोग**' **को प्रयोग**

पदहरूलाई एउटै डिकामा नलेखी छुट्टै लेख्ने कार्यलाई पदवियोग भनिन्छ । पदवियोग भनेको पदहरूको वियोग वा विछोड हो । वाक्यका प्रत्येक शब्दहरू, विभक्तिभन्दा पछाडिको विभक्ति वा नामयोगी, निपातहरू, विभाजक 'न' साथै संयुक्त क्रियाका बीचमा निपात आएमा र क्रियापदले अपूर्ण र पूर्ण पक्ष जनाउँदा पदवियोग हुन्छन् ।

## ३.२.१२ लेख्य चिह्नको प्रयोग

लेखनका क्रममा प्रयोग गरिने वर्णबाहेक विभिन्न चिह्नहरूलाई लेख्य चिह्न भनिन्छ । शुद्ध र स्तरीय भाषिक प्रयोगका लागि यस्ता लेख्य चिह्नहरू वर्ण जत्तिकै अनिवार्य मानिन्छ किनभने लेखाइ र बोलाइमा यिनको अर्थभेदक मूल्य रहेको हुन्छ । लेख्य चिह्नको सही प्रयोग नभएमा अर्थको अनर्थ लाग्ने गर्दछ । यति, गति मिलाएर वाचन गर्न यिनको मुख्य भूमिका रहन्छ । तसर्थ विद्यार्थीहरूलाई कस्तो ठाउँमा कुन चिह्नको प्रयोग गर्ने भन्ने सम्बन्धमा स्पष्ट पार्न सकिएमा स्तरीय भाषिक प्रयोग हुनसक्छ ।

### ३.२.१२.१ पूर्णविराम चिह्न

वाक्यलाई टुङ्ग्याउँदा वाक्यको अन्त्यमा दिइने लेख्य चिह्नलाई पूर्णविराम चिह्न भनिन्छ । यसको सरल संयुक्त र मिश्र वाक्यहरू पूरा हुँदा, वाक्यको अन्त्यमा, वर्ष, महिना, गते राखेर मिति लेख्दा कविताका पङ्क्तिका अन्त्यमा प्रयोग गरिन्छ ।

### ३.२.१२.२ अल्पविराम चिह्न

वाक्यमा लिइने छोटो विश्रामलाई अल्पविराम चिह्न भनिन्छ । यसको प्रयोग समान वर्ण छुट्याउँदा, समान पद छुट्याउँदा, पदावली छुट्याउँदा, उपवाक्य छुट्याउँदा र कुनै भावलाई विशेष जोड दिँदा गरिन्छ ।

### ३.२.१२.३ अर्धविराम चिह्न

आधा अडानलाई अर्धविराम भनिन्छ । अल्पविरामभन्दा अलि बढी समय र पूर्णविरामभन्दा कम समय लिने र अन्तिम वाक्यको समर्थनमा आउने उपवाक्यको पछाडि, विरोधी भावना प्रकट गर्नुपर्ने भएमा अर्धविरामको प्रयोग गर्ने चलन छ । तर आजभोलि अर्धविरामको ठाउँमा पनि अल्पविरामले नै काम चलाउने चलन आइसकेको छ । त्यसैले यसको प्रयोग गौण हुँदै गएको पाइन्छ ।

### ३.२.१२.४ प्रश्नवाचक चिह्न

कुनै जिज्ञासा राख्दा प्रश्नात्मक वाक्यको अन्तिममा दिइने चिह्नलाई प्रश्नवाचक चिह्न भनिन्छ । यसको प्रयोग प्रश्न सोध्ने वाक्यका अन्त्यमा प्रश्नवाचक चिह्न लाग्ने भए तापनि प्रश्नवाचक वाक्य उपवाक्यका रूपमा आएको अवस्थामा प्रश्नवाचक चिह्न लाग्दैन ।

### ३.२.१२.५ उद्गार चिह्न

उद्गार चिह्नलाई विस्मयादिबोधक चिह्न, आश्चर्य चिह्न भनिन्छ । यसको प्रयोग विस्मय जनाउने वाक्यको अन्तिममा गरिन्छ । यसले पनि वाक्य समाप्त भएको जनाउँछ । हर्ष, विस्मात, घृणा, आश्चर्य आदिको भाव प्रकट गर्दा र भावपूर्ण सम्बोधनमा पनि यसको प्रयोग हुन्छ ।

### ३.२.१२.६ उद्धरण चिह्न

उद्धरण चिह्न विशेष किसिमको भनाइमा, कसैको भनाइलाई उद्धृत गर्दा, पुस्तक, पत्रपत्रिका, पुरस्कार, कथा र कविताको शीर्षक लेख्नुपर्दा प्रयोग गरिन्छ ।

### ३.२.१२.७ निर्देश चिह्न

निर्देश चिह्नलाई सापेक्ष विराम वा निर्देशक चिह्न पनि भनिन्छ । वाक्यमा भनिएका कुरा स्पष्ट पार्न, उदाहरण दिनुपर्दा र कुनै कुराको सूचना दिन यस चिह्नको प्रयोग गरिन्छ ।

### ३.२.१२.८ योजक चिह्न

दुईवटा शब्दलाई जोड्दा, एक हरफमा कुनै शब्द नअटाएर अर्को हरफमा जाँदा योजक चिह्नको प्रयोग गरिन्छ ।

### ३.२.१२.९ कोष्ठक चिह्न

अर्थ स्पष्ट पार्न, संवाद, मनोवाद आदिमा अभिनयको सङ्केत गर्न वा परिवेश बुझाउन तथा सङ्ख्या बुझाउनका लागि कोष्ठकको प्रयोग गरिन्छ ।

### ३.२.१२.१० तिर्यक चिह्न

कुनै पनि शब्दको विकल्पमा अर्को शब्द जताउनु पर्दा तिर्यक चिह्नको प्रयोग गरिन्छ ।

### ३.२.१२.११ सङ्क्षेप चिह्न

कुनै पनि शब्दलाई छोटकरीमा लेख्नुपर्दा शब्दको पहिलो अक्षरपछाडि सङ्क्षेप चिह्नको प्रयोग गरिन्छ ।

## ३.३ सारांश

स्वर व्यञ्जन वर्णहरूलाई भाषा अनुसार उपयुक्त ढङ्गले प्रयोग गर्ने प्रक्रियालाई वर्ण विन्यास भनिन्छ । वर्ण विन्यासका प्रमुख क्षेत्रहरू ह्रस्व, दीर्घ, पदयोग, पदवियोग, हलन्त, अजन्त, शिरबिन्दु, चन्द्रबिन्दु, 'श', 'ष' र 'स' को प्रयोग, 'ज्ञ' र 'ग्यँ' को प्रयोग, 'ब' र 'व' को प्रयोग र 'क्ष' र 'छ' को प्रयोग, 'ऋ' र 'रि' को प्रयोग हुन् । यसरी विविध क्षेत्रमा त्रुटिहरू कम गराउन र लेख्य भाषालाई सुस्पष्ट बनाउन वर्ण विन्यास सम्बन्धी त्रुटिहरू पहिल्याई त्यसका समाधानका लागि विविध उपायहरू अपनाउनु आवश्यक देखिन्छ ।

# चौथो परिच्छेद
# वर्ण विन्यास सम्बन्धी त्रुटिको विश्लेषण

## ४.१ विषय प्रवेश

यस परिच्छेदमा चितवन जिल्ला गीतानगर गा.वि.स. अन्तर्गत दुईवटा सार्वजनिक र दुईवटा निजी विद्यालयका कक्षा ८ मा अध्ययनरत १५/१५ जना विद्यार्थीहरूमा विभिन्न प्रश्नावलीहरू दिई सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीहरूको परीक्षणबाट त्रुटि पहिचान गरी तिनको व्याख्या विश्लेषण र त्रुटि हुनुका कारणहरू प्रस्तुत गरिएको छ ।

भाषाको दुईरूप कथ्य र लेख्यमध्ये कथ्यरूप उच्चार्य वाक ध्वनिमा आधारित हुन्छ भने लेख्यरूप दृश्य सामग्रीका रूपमा प्रयोग भएको हुन्छ । श्रव्य रूपमा रहेका उच्चार्य वाक ध्वनिलाई लिपिबद्ध गरी ध्वनिको प्रतीकका रूपमा लिपि चिह्न निर्माण गरिएको हुन्छ, जसलाई वर्ण वा अक्षर भनिन्छ । कुनै पनि वर्ण वा अक्षरको सिलसिलाबद्ध रखाइबाट निर्मित शब्दहरूको अर्थ स्पष्ट आउनुलाई वर्ण विन्यास भनिन्छ । वर्णको अर्थ अक्षर वा ध्वनिको लघुत्तम एकाइ हो । जसले उस्ताउस्तै अर्थ, अक्षर वा ध्वनिको प्रतिनिधित्व गर्छ । विन्यास भन्नाले नियमबद्ध रूपले मिलाएर राख्ने कार्य हो । भाषाको सबैभन्दा सानो एकाइ 'वर्ण' भएकोले वर्णको शुद्धताबिना शब्द, पद वा वाक्यस्तरमा शुद्धता पाउन सकिँदैन ।

विद्यार्थीहरूले जुनसुकै तहका भए पनि मौखिक भाषा र लिखित भाषाका बीचमा उच्चारणगत भिन्नताका कारणले विविध त्रुटिहरू गर्ने गर्दछन् । भाषाको विकाससँगै वर्ण विन्यासको पनि आरम्भ भएको देखिन्छ । यस गा.वि.स.का कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको वर्ण विन्यासीय क्षमतालाई हेर्दा वर्ण विन्यासका विविध क्षेत्रमा जस्तै : ह्रस्व, दीर्घ, पदयोग, पदवियोग, हलन्त, अजन्त, शिरबिन्दु, चन्द्रबिन्दु, 'श', 'ष' र 'स', 'ब' र 'व',

'य' र 'ए', 'छ' र 'क्ष', 'ज्ञ' र 'ग्यँ' लेख्यचिह्नहरूको प्रयोगमा त्रुटि गरेको देखिन्छ । यस्तो त्रुटि हुनाको प्रमुख कारण नेपाली भाषामा उच्चारण अनुसार लेखन नहुनु हो ।

यस अध्ययनमा गीतानगर गा.वि.स.भित्रका दुईजना सार्वजनिक र दुई निजी विद्यालयका ३०/३० जना विद्यार्थीहरूबाट वर्ण विन्यासका क्षेत्रमा गर्ने त्रुटिहरूको पहिचान व्याख्या विश्लेषण गर्ने कार्य भएको छ । उक्त छनोटमा परेका विद्यालयहरूमा –

(क) श्री अरुणोदय उच्च माध्यमिक विद्यालय, गीतानगर

(ख) श्री देवज्योति नि.मा.वि., देवनगर

(ग) श्री पारिजात आवासीय माध्यमिक विद्यालय, गीतानगर

(घ) श्री अमरज्योति ई.बो. स्कुल, गीतानगर-५, अमरबस्ती

कक्षा ८ मा अध्ययनरत ६० जना विद्यार्थीहरूमा वर्ण विन्यास सम्बन्धी लिखित प्रश्नावली दिएर उपलब्ध उत्तरपुस्तिका सर्वेक्षणको व्याख्या विश्लेषण र त्रुटिहरूका कारण प्रस्तुत गरिएको छ ।

## ४.२ ह्रस्वदीर्घको प्रयोग सम्बन्धी त्रुटि

विद्यार्थीहरूको वर्ण विन्यास क्षमता पहिचान गर्ने क्रममा श्रुतिलेखन, स्वतन्त्र लेखन र वस्तुगत गरी तीन किसिमका प्रश्नावली तयार पारी परीक्षा सञ्चालन गरियो । विद्यार्थीहरूकै पुस्तिका परीक्षण गर्दा ह्रस्व लेख्नुपर्ने ठाउँमा दीर्घ लेख्नु र दीर्घ लेख्नुपर्ने ठाउँमा ह्रस्व लेखेको पाइयो । भाषालाई शुद्ध अर्थपूर्ण र मानकीय बनाउन वर्ण विन्यासको महत्त्वपूर्ण भूमिका हुन्छ । वर्ण विन्यासका विभिन्न क्षेत्रहरूमध्ये ह्रस्वदीर्घ पनि प्रमुख क्षेत्र हो । लेख्य भाषामा प्रयोग गरिने मात्र 'इ', 'उ', ह्रस्व हुन् भने 'ऊ' र 'ई' दीर्घ हुन् । एकातिर विद्यार्थीहरूको असावधानीको कारणले ह्रस्वदीर्घ सम्बन्धी त्रुटि हुन्छ भने अर्कोतिर ह्रस्वदीर्घ सम्बन्धी नियमको जानकारी नहुनाले पनि यस्तो समस्या आउने गर्दछ र भाषिक शुद्धतामा कठिनाइ देखिन्छ ।

### ४.२.१ ह्रस्व इकार र ह्रस्व उकारको प्रयोग सम्बन्धी त्रुटि

वर्ण विन्यासका विभिन्न क्षेत्रहरूमध्ये ह्रस्व पनि एक महत्त्वपूर्ण क्षेत्र हो । लेख्य भाषामा प्रयोग गरिने 'इ' र 'उ' लाई ह्रस्व मात्रा भनिन्छ । 'इ' र 'ि' ह्रस्व इकार हुन् भने 'उ' र ' ु' ह्रस्व उकार हुन् । 'ि' र ' ु' लाई क्रमश: बाइमात्रा र तर्कुले नामले चिनिन्छ । ह्रस्व मात्रालाई तालिकाद्वारा प्रष्ट पार्न सकिन्छ –

**तालिका नं. १**

| **किसिम** | **ह्रस्व** | |
|---|---|---|
| भेद | बाइमात्रा | तर्कुले |
| साङ्केतिक चिह्न | ि | ु |
| उच्चारण | फि | कु |
| | इ | उ |

ह्रस्व इकार र ह्रस्व उकार सम्बन्धी अध्ययन गर्दा विद्यार्थीहरूले शब्दको आदि, मध्य र अन्त्यमा ह्रस्व लेख्नुपर्ने ठाउँमा दीर्घ लेखेर त्रुटि गरेका छन् । निजी तथा सार्वजनिक विद्यालयका विद्यार्थीहरूले यस्तो त्रुटि गरेको पाइन्छ । विद्यार्थीहरूले आदि, मध्य र अन्त्यमा गरेका त्रुटिहरूलाई तालिकाद्वारा निम्नानुसार देखाइन्छ –

### ४.२.१.१ शब्दादिमा त्रुटि

**तालिका नं.२**

| **त्रुटि नभएको शब्द** | **प्रतिशत** | **त्रुटि भएको शब्द** | **प्रतिशत** |
|---|---|---|---|
| अगि | ३१.६७ | अगी | ६८.३३ |
| कमिज | ८३.३३ | कमीज | १६.६७ |
| चिलविल | ८३.३३ | चीलविल | १६.६७ |
| टिप्पणी | ७३.३३ | टीप्पणी | २६.६७ |
| डिग्री | ८१.६७ | डीग्री | १८.३३ |
| पत्रिका | ९१.६७ | पत्रीका | ८.३३ |
| रात्रि | ४८.३३ | रात्री | ५१.६७ |
| बिज | ३० | बीज | ७० |

दिइएको तालिकाबाट के स्पष्ट हुन्छ भने विद्यार्थीहरूले ह्रस्व सम्बन्धी अत्याधिक त्रुटि गरेका छन् । विद्यार्थीहरूले पत्रिका भन्ने शब्दमा सबैभन्दा न्यून ८.३३ प्रतिशतले त्रुटि गरेका छन् भने सबैभन्दा बढी बिज शब्दमा ७० प्रतिशतले त्रुटि गरेका छन् । औसत प्रतिशतमा गल्ती गर्ने विद्यार्थीहरूको सङ्ख्या ३४.५९ प्रतिशत छ भने ६५.४१ प्रतिशतले सही प्रयोग गरेका छन् ।

### ४.२.१.२ शब्दमध्यमा त्रुटि

**तालिका नं.३**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| अधिकरण | ५६.६७ | अधीकरण | ४३.३३ |
| काबिल | ८० | काबील | २० |
| खित्रिक्क | ८५ | खित्रीक्क | १५ |
| घुलित | ६८.३३ | घुलीत | ३१.६७ |
| जुक्ति | ७१.६७ | जुक्ती | २८.३३ |
| डिस्टिलरी | २८.३३ | डिस्टीलरी | ७१.६७ |
| त्रिभुज | ९० | त्रीभुज | १० |
| चिनियाँ | ५३.३३ | चिनीयाँ | ४६.६७ |
| रश्मि | ४३.३३ | रश्मी | ५६.६७ |

यसरी विद्यार्थीहरूले गरेका त्रुटिहरूलाई तालिकामा हेर्दा के देखिन्छ भने केही विद्यार्थीहरूले शब्दको मध्यभागमा ह्रस्व लेख्नुपर्नेमा दीर्घ लेखेर त्रुटि गरेका छन् । ह्रस्व लेख्नुपर्नेमा दीर्घ लेखेर सबैभन्दा बढी त्रुटि डिस्टिलरी शब्दमा ७१.६७ प्रतिशत र त्रिभुजमा सबैभन्दा न्यून त्रुटि १० प्रतिशतले गरेका छन् ।

### ४.२.१.३ शब्दान्तमा त्रुटि

**तालिका नं.४**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| असम्मति | २१.६७ | असम्मती | ७८.३३ |
| भाइ | ७० | भाई | ३० |
| सन्तुष्टि | ८५ | सन्तुष्टी | १५ |
| दयालु | ९८.३३ | दयालू | १.६७ |
| प्रजाति | ४८.३३ | प्रजाती | ५१.६७ |
| वनस्पति | ९३.३३ | वनस्पती | ६.६७ |
| बुद्धि | ७५ | बुद्धी | २५ |

उक्त तालिका अनुसार कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले शब्दान्तमा ह्रस्व लेख्नुपर्ने ठाउँमा दीर्घ इकार र ऊकार लेखेर त्रुटि गरेका छन् । विद्यार्थीहरूले 'दयालु' शब्दमा सबैभन्दा न्यून १.६७ प्रतिशत त्रुटि गरेका छन् भने सबैभन्दा बढी 'असम्मति' शब्दमा ७८.३३ प्रतिशतले त्रुटि गरेका छन् । समग्रमा ह्रस्व सम्बन्धी त्रुटिहरूको अध्ययन गर्दा यस्ता त्रुटि हुनुमा यस सम्बन्धी नियमको जानकारी नहुनु अभ्यासमा कमी, उपयुक्त ठाउँमा शैक्षिक सामग्रीहरूको प्रयोग नहुनु, दक्ष एवम् अनुभवी शिक्षकको कमी, व्यवहारिक शिक्षाको कमी, विद्यार्थीहरूको भ्रमित प्रवृत्ति आदि कारणहरू देखिन्छ ।

## ४.२.२ दीर्घ ईकार र ऊकारको प्रयोग सम्बन्धी त्रुटि

वर्ण विन्यासका विविध क्षेत्रमध्ये दीर्घ पनि एक महत्त्वपूर्ण क्षेत्र हो । लेख्य भाषामा प्रयोग गरिने 'ई', 'ऊ' लाई दीर्घ मात्रा भनिन्छ । 'ई' र 'ी' दीर्घ ईकार हुन् भने 'ऊ' र 'ू' दीर्घ ऊकार हुन् । 'ी' र 'ू' लाई क्रमश: दाहिना र बर्धने नामले चिनिन्छ । दीर्घ मात्रालाई तलको तालिकाद्वारा प्रष्ट पार्न सकिन्छ –

**तालिका नं. ५**

| **किसिम** | **दीर्घ** | |
|---|---|---|
| भेद | बाइमात्रा | तर्कुले |
| साङ्केतिक चिह्न | ी | ू |
| उच्चारण | की | कू |
| | ई | ऊ |

दीर्घ ईकार र दीर्घ ऊकार सम्बन्धी अध्ययन गर्दा विद्यार्थीहरूले शब्दको सुरु, मध्य र अन्त्यमा दीर्घ लेख्नुपर्ने ठाउँमा ह्रस्व लेखेर त्रुटि गरेका छन् । यहाँ विद्यार्थीहरूले गरेका त्रुटिहरूलाई तालिकाद्वारा प्रष्ट पार्न सकिन्छ –

### ४.२.२.१ शब्दादिमा त्रुटि

**तालिका नं. ६**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| कीर्ति | ७८.३३ | किर्ति | २१.६७ |
| कीरो | २८.३३ | किरो | ७१.६७ |
| चीज | ७१.६७ | चिज | २८.३३ |

| | | | |
|---|---|---|---|
| जीउधन | ५० | जिउधन | ५० |
| नीयत | १३.३३ | नियत | ८६.६७ |
| तीन | ६८.३३ | तिन | ३१.६७ |
| पूर्ण | ९१.६७ | पुर्ण | ८.३३ |
| ईश्वर | ९१.६७ | इश्वर | ८.३३ |
| भूगर्भ | ८८.३३ | भुगर्भ | ११.६७ |
| मूर्ख | २१.६७ | मुर्ख | ७८.३३ |
| पूराण | ५० | पुराण | ५० |

उपर्युक्त तालिकाबाट विद्यार्थीहरूले शब्दादिमा दीर्घ लेख्नुपर्ने ठाउँमा ह्रस्व लेखेर वर्ण विन्यासीय त्रुटि गरेका छन् । दीर्घ लेख्नुपर्ने ठाउँमा ह्रस्वको प्रयोग गरी त्रुटि गर्ने विद्यार्थीहरूले ईश्वर र पूर्ण शब्दमा सबैभन्दा न्यून ८.३३ प्रतिशत र सबैभन्दा बढी नीयत शब्दमा ८६.६७ प्रतिशतले त्रुटि गरेका छन् ।

### ४.२.२.२ **शब्दमध्यमा त्रुटि**

**तालिका नं. ७**

| **त्रुटि नभएको शब्द** | **प्रतिशत** | **त्रुटि भएको शब्द** | **प्रतिशत** |
|---|---|---|---|
| क्षेत्रीय | ६० | क्षेत्रिय | ४० |
| गीत | ८० | गित | २० |
| प्राचीन | ६५ | प्राचिन | ३५ |
| गतिहीन | ६८.३३ | गतिहिन | ३१.६७ |
| ग्रामीण | ७३.३३ | ग्रामिण | २६.६७ |
| तृतीय | २३.३३ | तृतिय | ७६.६७ |
| राजदूत | ५५ | राजदुत | ४५ |
| नवीन | ५८.३३ | नविन | ४१.६७ |
| समूह | ८१.६७ | समुह | १८.३३ |
| बत्तीस | ९१.६७ | बत्तिस | ८.३३ |

उपयुक्त तालिकाबाट विद्यार्थीहरूले शब्दमध्यमा दीर्घ लेख्नुपर्ने ठाउँमा ह्रस्व लेखेर त्रुटि गरेका छन् । सबैभन्दा बढी त्रुटि तृतीय शब्दमा ७६.६७ प्रतिशत, सबैभन्दा कम त्रुटि बत्तीस शब्दमा ८.३३ प्रतिशतले गरेका छन् ।

### ४.२.२.३ **शब्दान्तमा त्रुटि**

**तालिका नं. ८**

| **त्रुटि नभएको शब्द** | **प्रतिशत** | **त्रुटि भएको शब्द** | **प्रतिशत** |
|---|---|---|---|
| काफी | ६८.३३ | काफि | ३१.६७ |
| चौलानी | ७५ | चौलानि | २५ |
| जापानी | ७५ | जापानि | २५ |
| नौमती | ५६.६७ | नौमति | ४३.३३ |
| पञ्जाबी | ६५ | पञ्जाबि | ३५ |
| श्रीपञ्चमी | ६० | श्रीपञ्चमि | ४० |
| पापिनी | ३० | पापिनि | ७० |
| कर्णाली | ९५ | कर्णालि | ५ |
| सासू | १८.३३ | सासु | ८१.६७ |
| बिच्छी | ६६.६७ | बिच्छि | ३३.३३ |
| माहुरी | ८५ | माहुरि | १५ |

उपर्युक्त तालिकाबाट विद्यार्थीहरूले शब्दान्तमा दीर्घ लेख्नुपर्ने ठाउँमा ह्रस्व लेखेर त्रुटि गरेका छन् । सबैभन्दा बढी त्रुटि 'सासू' शब्दमा ८१.६७ प्रतिशत सबैभन्दा कम त्रुटि 'कर्णाली' शब्दमा ५ प्रतिशतले त्रुटि गरेका छन् ।

समग्रमा ह्रस्वदीर्घ सम्बन्धी त्रुटिहरूको अध्ययन गर्दा यस्ता त्रुटि हुनुमा यस सम्बन्धी नियमको जानकारी नहुनु, अभ्यासको कमी, उपयुक्त ठाउँमा शैक्षिक सामग्रीको प्रयोग नहुनु, दक्ष एवम् अनुभवी शिक्षकको कमी, व्यवहारिक शिक्षाको कमी, विद्यार्थीहरूको भ्रमित प्रवृत्ति आदि कारणहरू देखिन्छन् ।

## ४.३ 'श', 'ष' र 'स' को प्रयोग सम्बन्धी त्रुटि

वर्ण विन्यासका विविध क्षेत्रहरूमध्ये 'श', 'ष' र 'स' पनि प्रमुख त्रुटिहरू हुने क्षेत्र मानिन्छ । लेख्य भाषामा 'श', 'ष' र 'स' को प्रयोग अलग-अलग किसिमले गरिए पनि कथ्य

भाषामा एउटै मात्र 'स' को उच्चारण हुन्छ । नेपाली भाषामा कथ्य रूपमा तालव्य, मूर्धन्य र दन्त्यको प्रयोग भिन्न-भिन्न रहेको पाइन्छ । तालुबाट उच्चारित हुनेलाई तालव्य 'श', मूर्धाबाट उच्चारित हुनेलाई मूर्धन्य 'ष' र दन्त्यबाट उच्चारित हुनेलाई दन्त्य 'स' भनिन्छ । यसरी नेपाली भाषामा प्रयोग हुँदै आएका ती 'स' वर्णहरू फरक भएर पनि उच्चारणमा फरक नसुनिने भएकाले अक्सर विद्यार्थीहरूले 'श', 'ष' र 'स' को प्रयोगमा त्रुटि गरेको पाइन्छ । लेख्य भाषामा प्रयोग हुने यस्ता 'स' वर्णहरू कथ्य भाषामा अर्थभेदक नरहेकाले पनि विद्यार्थीहरू त्रुटि गर्ने गर्दछन् । लेख्य भाषामा विद्यार्थीहरू यस्तो त्रुटि गर्नुको मुख्य कारण मौखिक रूपमा सबै 'स' समन्वयात्मक हुनु हो ।

## ४.३.१ 'श' को प्रयोग सम्बन्धी त्रुटि

'श' लाई तालव्य 'श' भनिन्छ । तालुबाट उच्चारित हुने हुनाले तालव्य 'श' भनिएको हो । कतिपयले यसलाई मोटो 'श' पनि भन्ने गर्दछन् । संस्कृतका तत्सम शब्द, विसर्ग सन्धिको प्रयोग हुने अवस्थामा प्राय: 'श' को प्रयोग गरिन्छ । साथै अ, आ, इ, ई, ए, ऐ, द, न, य आदिका अघि वा पछि प्राय: 'श' लेखिन्छ । अङ्ग्रेजी, फारसी र उर्दू भाषाबाट नेपाली भाषामा आएका शब्दहरूमा 'श' को प्रयोग गर्नुपर्दछ । उक्त नियमहरू सम्बन्धी उचित ज्ञान नहुँदा विद्यार्थीहरूले 'श' लेखनमा त्रुटि गर्दछन् । कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले 'श' को स्थानमा 'स' र 'ष' को प्रयोग गरेर त्रुटि गरेका छन् । जसलाई निम्न तालिकाद्वारा प्रस्तुत गरिएको छ –

**तालिका नं. ९**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| शिरमणि | ५१.६७ | सिरमणि | ४८.३३ |
| शान्ति | ९१.६७ | सान्ति | ८.३३ |
| आकाश | ९१.६७ | आकास | ८.३३ |
| आशा | ७३.३३ | आसा | २६.६७ |
| शिक्षा | ९८.३३ | सिक्षा | १.६७ |
| पश्चिम | ८३.३३ | पस्चिम | १६.६७ |
| आशीर्वाद | २३.३३ | आषीर्वाद | ७६ |
| शिविर | ७० | षिविर | ३० |

माथिको तालिकाको विश्लेषण गर्दा तालव्य 'श' को प्रयोग गर्नुपर्नेमा विद्यार्थीहरूले 'स' वा 'ष' लेखेर त्रुटि गरेका छन् । उपर्युक्त तालिकाको विश्लेषणबाट 'आशीर्वाद' शब्दमा विद्यार्थीहरूले सबैभन्दा बढी ७६.६७ प्रतिशत त्रुटि गरेका छन् भने 'शिक्षा' शब्दमा कम १.६७ प्रतिशत त्रुटि गरेका छन् । 'श' को प्रयोगमा त्रुटि हुनुमा तत्सम शब्दमा 'श' लेख्नुपर्छ भन्ने ज्ञानको अभाव हुनुका साथै दन्त्य 'स' सँग बढी परिचित हुनु देखिन्छ ।

## ४.३.२ 'ष' को प्रयोग सम्बन्धी त्रुटि

मूर्धाबाट उच्चारित हुने भएकाले 'ष' लाई मूर्धन्य 'ष' भनिन्छ । यसलाई कतिपयले पेट फाट्यो 'ष' पनि भन्ने गर्दछन् । नेपाली भाषामा प्रयुक्त तत्सम शब्दहरूमा र स्वरवर्णको लगत्तै पछाडि 'स' लेख्नु परेमा 'ष' को प्रयोग हुन्छ । कतिपय 'क', 'ट', 'ठ', 'ड', 'ण' को अगाडि 'ष' को प्रयोग गर्नुपर्ने हुन्छ । विद्यार्थीहरूले यी नियमहरूलाई बेवास्ता गरी 'ष' लेख्नुपर्ने ठाउँमा 'स' वा 'श' को प्रयोग गरी त्रुटि गरेका छन् । अध्ययनका क्रममा 'ष' को प्रयोगमा गरेका त्रुटिहरूलाई तल निम्न तालिकाद्वारा देखाइएको छ –

**तालिका नं. १०**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| भाषण | ८१.६७ | भासण | १८.३३ |
| उद्घोषण | ९१.६७ | उद्घोशण | ८.३३ |
| भाषा | ९१.६७ | भासा | ८.३३ |
| वहिष्कार | ७१.६७ | वहिश्कार | २८.३३ |
| आषाढ | ४१.६७ | आशाढ | ५८.३३ |
| हर्ष | ९१.६७ | हर्स | ८.३३ |
| सन्तोष | ५५ | सन्तोस | ४५ |

माथिको तालिका विश्लेषण गर्दा 'ष' को ठाउँमा 'स' वा 'श' को प्रयोग गरेर विद्यार्थीहरूले अत्यधिक त्रुटि गरेका छन् । 'ष' को ठाउँमा 'श' वा 'स' को प्रयोग गरेर विद्यार्थीले सबभन्दा बढी त्रुटि 'आषाढ' शब्दमा र कम त्रुटि 'हर्ष', 'भाषा' र 'उद्घोषण' शब्दमा गरेका छन् । यस्ता त्रुटिहरू गर्नुको मुख्य कारणहरू कहाँ, कसरी, कुन 'स' वर्णको प्रयोग गर्ने भन्ने कुराको ज्ञान नहुनु यस्ता वर्णहरू अर्थभेदका नहुनु, प्रयोगात्मक अभ्यासको कमी आदि कारणले गर्दा यस्ता त्रुटिहरू भएको देखिन्छ ।

## ४.३.३ 'स' को प्रयोग सम्बन्धी त्रुटि

नेपाली उच्चारणमा वत्सर्य मानिने 'स' वर्णलाई दन्त्य 'स' पनि भनिन्छ । दाँतलाई जिब्राले छोएर उच्चारण हुने वर्णहरू (त, थ, द, ध, न) सँग प्राय: गरी 'स' को प्रयोग गरिन्छ । यसलाई पातलो 'स' पनि भनिन्छ । 'स' नेपाली तद्‌भव र आगन्तुक शब्दमा प्रयोग गरिन्छ । साथै 'स', 'सत्', 'सह', 'सु', 'सम' उपसर्ग लागेका शब्दहरूमा पनि 'स' वर्णकै प्रयोग गरिन्छ । कक्षा ८ मा अध्ययनरत विद्यार्थीले 'स' लेख्ने ठाउँमा 'श' वा 'ष' लेखेर वर्ण विन्यासीय त्रुटि गरेका छन् जसलाई तालिकाद्वारा प्रष्ट पार्ने जमर्को गरिएको छ –

**तालिका नं. ११**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| सरस्वती | ५८.३३ | शरस्वती | ४१.६७ |
| सूर्य | ३६.६७ | शूर्य | ६३.३३ |
| मानिस | ९१.६७ | मानिश | ८.३३ |
| समाचार | ९८.३३ | शमाचार | १.६७ |
| सहभागी | ८० | शहभागी | २० |
| सिकार | ८३.३३ | शिकार | १६.६७ |
| फेसन | ७६.६७ | फेशन | २३.३३ |
| सिर्जना | ६५ | शिर्जना | ३५ |

माथिको तालिकाको अध्ययन गर्दा धेरै विद्यार्थीहरूले ठीक प्रयोग गरेका छन् भने केही विद्यार्थीहरू 'स' को प्रयोगमा भ्रमित छन् र 'स' को ठाउँमा 'श' र 'ष' को प्रयोग गरी गल्ती गरेका छन् । सबैभन्दा बढी गल्ती 'सूर्य' शब्दमा ६३.३३ प्रतिशत र कम त्रुटि 'समाचार' शब्दमा १.६७ प्रतिशत त्रुटि गरेका छन् । समग्रमा 'श', 'ष' र 'स' सम्बन्धी त्रुटिहरूको अध्ययनबाट सबभन्दा बढी पेट फाट्यो 'ष' त्यसपछि पातलो 'स' र कम त्रुटि मोटो 'श' को प्रयोगमा गरेका छन् ।

## ४.४ 'ब' र 'व' को प्रयोग सम्बन्धी त्रुटि

नेपालीमा भएका 'ब' र 'व' दुवै व्यञ्जन वर्ण हुन् । व्यञ्जन वर्णलाई वर्गीकरण गर्ने आधारमा उच्चारण स्थान पनि एक हो । यस आधारमा 'ब' र 'व' दुवै वर्ण ओठ्य हुन् । यी

दुवै वर्ण ओठ जोडिई सास बन्द हुने र सास खुल्ला हुँदा उच्चारण हुने वर्ण हुन् । त्यस्तै प्रयत्नका आधारमा 'ब' वर्ण स्पर्शी वर्ण हो भने 'व' चाहिँ अन्तस्थ वा अर्ध स्वर वर्ण हो । प्राणत्वका आधारमा 'ब' र 'व' दुवै अल्पप्राण हुन् । घोषत्वका आधारमा दुवै घोष वर्ण हुन् ।

### ४.४.१ 'ब' को प्रयोग सम्बन्धी त्रुटि

नेपाली भाषामा प्रयोग हुने 'ब' वर्णको उच्चारण स्थान ओठ हुन्छ । ओठबाट उच्चारण हुने हुनाले 'ब' वर्णको पेट चिरिन्छ । नेपाली भाषामा 'ब' उच्चारण हुने सबै तद्भव र आगन्तुक शब्दमा, धातु र क्रियापदमा र 'बे', 'बद्' र 'बि' उपसर्ग लागी बनेका शब्दमा 'ब' वर्णको प्रयोग गरिन्छ । कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको 'ब' लेख्ने क्षमता पहिल्याउन दिइएका शब्दहरू, त्रुटि गर्ने र नगर्ने विद्यार्थीहरूको सङ्ख्यालाई तलका तालिकाद्वारा देखाइएको छ –

**तालिका नं. १२**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| कुबेर | ६६.६७ | कुवेर | ३३.३ |
| बन्द | ८८.३३ | वन्द | ११.६७ |
| चुम्बक | ८५ | चुम्वक | १५ |
| बेकार | ६८.३३ | वेकार | ३१.६७ |
| सम्बोधन | ७३.३३ | सम्वोधन | २६.६७ |
| बेठीक | ७८.३३ | वेठीक | २१.६७ |
| बकुल्लो | ४८.३३ | वकुल्लो | ५१.६७ |

माथिको तालिकामा विद्यार्थीहरूले गरेका गल्तीहरूलाई हेर्दा 'ब' लेख्नुपर्ने ठाउँमा 'व' लेखेर त्रुटि गरेका छन् । तालिकाको विश्लेषण गर्दा 'ब' को प्रयोगमा सबैभन्दा कम अर्थात् ११.६७ प्रतिशत त्रुटि 'बन्द' शब्दमा र सबैभन्दा बढी अर्थात् ५१.६७ प्रतिशत त्रुटि 'बकुल्लो' शब्दमा गरेका छन् ।

## ४.४.२ 'व' को प्रयोग सम्बन्धी त्रुटि

नेपाली भाषामा प्रयुक्त कतिपय यस्ता शब्दहरू छन् जुन 'व' बोलेर 'ब' लेखिन्छ । यस्ता शब्दहरूको अन्तर छुट्याउनु एक कठीन कार्य हो । 'व' को उच्चारण ओठ र दाँत दुवैबाट एकसाथ गरिन्छ । त्यसकारण 'व' को पेट चिरिँदैन । 'व्य' आएका शब्दमा 'उवा', 'वाला', 'वारी' प्रत्यय लागेका शब्दमा, 'सम' उपसर्ग लागेर बनेका शब्दमा 'व' नै लेखिन्छ । तर तत्सम शब्दमा 'ब' उच्चारण भए पनि 'व' नै लेखिन्छ ।

**तालिका नं. १३**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| जीवन | ५१.३३ | जीबन | ४६.६७ |
| वातावरण | ७० | बातावरण | ३० |
| व्यवहार | ५३.३३ | ब्यवहार | ४६.६७ |
| वरिपरि | ९० | बरिपरि | १० |
| वर्तमान | १०० | बर्तमान | ० |
| अवतारी | १८.३३ | अबतारी | ८१.६७ |
| विद्यालय | ९३.३३ | बिद्यालय | ६.६७ |

माथिको तालिका विश्लेषण गर्दा 'व' को प्रयोगमा सबैभन्दा कम अर्थात् ० प्रतिशत त्रुटि 'वर्तमान' शब्दमा र सबैभन्दा बढी अर्थात् ८१.६७ प्रतिशत 'अवतारी' शब्दमा त्रुटि गरेका छन् । समग्रमा 'ब' र 'व' सम्बन्धी त्रुटि हुनुको कारण विद्यार्थीहरूमा नेपाली भाषाको स्पष्ट र शुद्ध उच्चारण थाहा नहुनु साथै लेख्य नियमको ज्ञान नहुनुले यस्ता त्रुटि भएको देखिन्छ । विद्यार्थीहरूले 'व' को प्रयोगमा भन्दा 'ब' को प्रयोगमा बढी त्रुटि गरेका छन् । यसो हुनुको प्रमुख कारण उच्चारणसँग परिचित नहुनु हो ।

## ४.५ 'य' र 'ए' को प्रयोग सम्बन्धी त्रुटि

नेपाली भाषामा प्रयोग हुँदै आएका 'य' र 'ए' वर्णहरू मध्ये 'य' व्यञ्जन वर्ण हो । उच्चारण स्थानका आधारमा 'य' तालव्य वर्ण हो । प्रयत्नका आधारमा वर्गीकरण गर्दा यो अन्तस्थ हो । प्राणत्वका आधारमा वर्गीकरण गर्दा अल्पप्राण र घोषत्वका आधारमा घोष वर्णमा पर्दछ ।

'ए' स्वर वर्ण हो । नेपाली स्वर वर्णहरूलाई जिब्रोको उचाइका आधारमा, ओठको अवस्था, जिब्रोको सक्रियताका आधारमा वर्गीकरण गरिएको छ । जिब्रोको सक्रियताका 'ए' अग्रस्वर, उचाइका आधारमा मध्यस्वर, ओठको अवस्थाका आधारमा गोलित स्वर हो ।

## ४.५.१ 'य' को प्रयोग सम्बन्धी त्रुटि

नेपाली भाषाका २९ वटा व्यञ्जन वर्णहरूमध्ये 'य' पनि एक हो । नेपालीमा 'य' वर्णलाई चार किसिमबाट वर्गीकरण गरिन्छ । उच्चारणका आधारमा 'य' तालव्य व्यञ्जन वर्ण हो । प्रयत्नका आधारमा अर्धस्वर वर्ण हो । घोषत्वका आधारमा घोष वर्ण र प्राणत्वका आधारमा अल्पप्राण हो । नेपाली व्याकरणका नियम अनुसार 'य' बाट बनेका सर्वनाम शब्द, भूतकालिक क्रिया, व्युत्पन्न शब्द, केही आगन्तुक र तत्सम शब्दमा 'य' को प्रयोग गरिन्छ ।

**तालिका नं. १४**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| यथार्थ | ८१.६७ | एथार्थ | १८.३३ |
| यस | ८६.६७ | एस | १३.३३ |
| यति | ५६.६७ | एति | ४३.३३ |
| डायरी | ४८.३३ | डाएरी | ५१.६७ |
| यकिन | ४१.६७ | एकिन | ५८.३३ |
| जय | ९३.३३ | जए | ६.६७ |
| सय | ५० | एस | ५० |
| यमुना | ६० | एमुना | ४० |

उपर्युक्त शब्दहरू परीक्षण गर्दा विद्यार्थीहरूले 'य' को प्रयोग गर्ने शब्दमा 'ए' को प्रयोग गरेर त्रुटि गरेको देखिन्छ । परीक्षण गरिएका शब्दहरूमा सबैभन्दा कम अर्थात् ६.६७ प्रतिशत त्रुटि 'जय' शब्दमा र सबैभन्दा बढी अर्थात् ५८.३३ प्रतिशत त्रुटि 'यकिन' शब्दमा गरेका छन् ।

## ४.५.२ 'ए' को प्रयोग सम्बन्धी त्रुटि

नेपाली भाषामा ६ वटा स्वर वर्णहरू छन् । ६ वटा स्वर वर्णमध्ये 'ए' पनि एक हो र स्वर वर्णहरूलाई तीन आधारमा वर्गीकरण गरिएको छ । जिब्रोको सक्रियताका आधारमा 'ए'

अग्र स्वर हो । उचाइएका आधारमा मध्यस्वर र ओठको अवस्थाका आधारमा 'ए' अगोलित स्वर हो ।

विद्यार्थीहरू 'ए' र 'य' को प्रयोगमा प्राय: झुक्किने गर्दछन् । नेपाली व्याकरणको नियम अनुसार 'ए' बाट बनेका शब्द, इच्छार्थक क्रियापद, भूतकालिक क्रियापद तथा 'एर' र 'एको' प्रत्यय लागेका कृदन्त शब्द एवम् केही तत्सम शब्दमा 'ए' को प्रयोग गरिने भए पनि विद्यार्थीहरूले 'ए' को ठाउँमा 'य' को प्रयोग गरेर त्रुटि गरेका छन् ।

**तालिका नं. १५**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| एकान्त | ८८.३३ | यकान्त | ११.६७ |
| एउटा | ९३.३३ | यउटा | ६.६७ |
| एघार | ९८.३३ | यघार | १.६७ |
| भएस् | ९६.६७ | भयस् | ३.३३ |
| भए | ९१.६७ | भय | ८.३३ |
| एकता | ८५ | यकता | १५ |

उपर्युक्त शब्दहरूलाई परीक्षण गर्दा विद्यार्थीहरूले 'ए' को प्रयोग गर्नुपर्ने ठाउँमा 'य' को प्रयोग गरेर त्रुटि गरेका छन् । सबैभन्दा कम अर्थात् १.६७ प्रतिशत त्रुटि 'एघार' शब्दमा र सबैभन्दा बढी अर्थात् १५ प्रतिशत त्रुटि 'एकता' शब्दमा गरेका छन् ।

समग्रमा 'य' र 'ए' को प्रयोग गर्दा त्रुटि हुनुमा विद्यार्थीहरूलाई 'य' र 'ए' को प्रयोग सम्बन्धी नियम थाहा नहुनु, 'य' र 'ए' लाई वैकल्पिक रूपमा प्रयोग गर्नु, शुद्ध उच्चारण गर्न नजान्नु र अभ्यासको कमी आदि कुराको प्रभाव परेको हुनसक्छ ।

## ४.६ 'छ' र 'क्ष' को प्रयोग सम्बन्धी त्रुटि

नेपाली भाषामा कतिपय वर्णहरू उच्चारणमा उस्तै सुनिए पनि लेखनमा बेग्लाबेग्लै लेखिने हुन्छन् । 'छ' र 'क्ष' दुवै नेपाली भाषाका व्यञ्जन वर्ण हुन् । 'छ' एकल शुद्ध व्यञ्जन वर्ण हो भने 'क्ष' चाहिँ 'क' र 'ष' को मेल भई बनेको संयुक्त व्यञ्जन वर्ण हो ।

### ४.६.१ 'छ' को प्रयोग सम्बन्धी त्रुटि

नेपाली भाषामा दन्तमूलीय वर्ण मानिने 'छ' एकल व्यञ्जन वर्ण हो । यस वर्णको प्रयोग तद्भव आगन्तुक शब्द, धातु एवम् क्रियापदमा गरिन्छ । 'छ' को सट्टामा 'छे', 'छ्या'

पनि अवस्था हेरिकन प्रयोग गरिएको हुन्छ । 'छ' को प्रयोग क्षमता पहिल्याउन विद्यार्थीहरूलाई दिइएका शब्दहरू र विद्यार्थीहरूको क्षमतालाई तालिकामा देखाइएको छ –

**तालिका नं. १६**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| छेस्किनी | ६१.६७ | क्षेस्किनी | ३८.३३ |
| छेउ | ९१.६७ | क्षेउ | ८.३३ |
| छिन | ८५ | क्षिन | १५ |
| इच्छा | २१.६७ | इच्क्षा | ७८.३३ |
| बिछ्यौना | १३.३३ | बिक्ष्यौना | ८६.६७ |
| छिमेकी | ७८.३३ | क्षिमेकी | २१.६७ |

माथिको शब्दहरूलाई परीक्षण गर्दा 'छ' को प्रयोग गर्दा सबैभन्दा बढी अर्थात् 'बिछ्यौना' शब्दमा ८६.६७ प्रतिशत र सबैभन्दा कम 'छेउ' शब्दमा ८.३३ प्रतिशत विद्यार्थीहरू त्रुटि गरेका छन् ।

## ४.६.२ 'क्ष' को प्रयोग सम्बन्धी त्रुटि

क + ष + अ को संयुक्त रूप 'क्ष' वर्ण हो । यसको उच्चारण तालव्य र वत्सर्य स्थानबाट हुन्छ । 'क्ष' को प्रयोग तत्सम शब्दहरूमा मात्र हुन्छ । विद्यार्थीहरूले 'क्ष' को प्रयोग कहाँ र कुन अवस्थामा गर्ने भन्ने थाहा नपाएर शब्दहरूको स्रोत पहिचान गर्न नसकेर 'क्ष' को प्रयोग गर्दा अल्मलिन्छन् र लेखाइमा त्रुटि गर्छन् । विद्यार्थीहरूले गरेका त्रुटिहरूलाई तालिकाद्वारा देखाइएको छ –

**तालिका नं. १७**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| अक्षर | ६१.६७ | अछर | ३८.३३ |
| क्षेत्र | ९१.६७ | छेत्र | ८.३३ |
| लक्ष्य | १३.३२ | लछ्य | ८६.६७ |
| परीक्षण | ७८.३३ | परीछण | २१.६७ |
| भिक्षु | २१.६७ | भिछु | ७८.३३ |
| अक्षता | ८५ | अछेता | १५ |

उपर्युक्त शब्दहरू परीक्षण गर्दा विद्यार्थीहरूले 'क्ष' को प्रयोग गर्ने शब्दमा 'छ' को प्रयोग गरेर त्रुटि गरेका छन् । परीक्षण गरिएका शब्दहरूमा सबैभन्दा कम अर्थात् ८.३३ प्रतिशत 'क्षेत्र' शब्दमा र सबैभन्दा बढी अर्थात् ८६.६७ प्रतिशत 'लक्ष्य' शब्दमा त्रुटि गरेका छन् । यस्ता त्रुटिहरू हुनुको प्रमुख कारण 'छ' र 'क्ष' वर्णको प्रयोग सम्बन्धी नियमको ज्ञान नहुनु, वैकल्पिक वर्णको प्रयोग गर्नु अभ्यासको कमी असावधानी आदि कारणले विद्यार्थीहरू 'छ' र 'क्ष' वर्णको प्रयोगमा त्रुटि गरेका देखिन्छन् ।

## ४.७ 'ज्ञ' र 'ग्यँ' को प्रयोग सम्बन्धी त्रुटि

ज् र ञ को संयोजनबाट बनेको संयुक्त व्यञ्जन वर्ण ज्ञ हो । विद्यार्थीहरूले 'ज्ञ' को उच्चारण गर्दा 'ग्यँ' गर्छन् । 'ज्ञ' र 'ग्यँ' एउटै वर्ण भने होइन । नेपालीमा 'ज्ञ' को उच्चारण 'ग्यँ' गरिन्छ । 'ग्यँ' वर्णको प्रयोग नेपाली र तत्सम शब्दमा पाइँदैन तर आगन्तुक तद्भव शब्दमा 'ग्यँ' को प्रयोग पाइन्छ ।

### ४.७.१ 'ज्ञ' को प्रयोग सम्बन्धी त्रुटि

नेपाली भाषामा प्रयोग हुने 'ज्ञ' वर्ण तत्सम शब्दमा मात्र प्रयोग गरिन्छ । 'ज्ञ' वर्ण कहाँ प्रयोग गर्ने भन्ने जानकारी नहुनाले विद्यार्थीहरूले 'ज्ञ' वर्णको लेखनमा त्रुटि गरेका छन् । अध्ययनका क्रममा विद्यार्थीहरूले 'ज्ञ' वर्ण लेखनमा के-कति त्रुटि गरे र के-कति सही गरे भन्ने कुरा तलको तालिकामा देखाउने प्रयास गरिएको छ –

**तालिका नं. १८**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| ज्ञान | ९८.३३ | ग्याँन | १.६७ |
| विज्ञान | ८५ | विग्याँन | १५ |
| यज्ञ | ७५ | यग्यँ | २५ |
| प्रतिज्ञा | ९० | प्रतिग्याँ | १० |
| जिज्ञासा | ८५ | जिग्याँसा | १५ |
| वैज्ञानिक | ५६.६७ | वैग्याँनिक | ४३.३३ |

माथिको तालिकाको विश्लेषण गर्दा 'ज्ञ' को प्रयोग गर्ने ठाउँमा 'ग्यँ' को प्रयोग गरेर त्रुटि गरेका छन् । 'ज्ञ' को प्रयोग गर्दा सबैभन्दा कम अर्थात् १.६७ प्रतिशत 'ज्ञान' शब्दमा र सबैभन्दा बढी 'वैज्ञानिक' शब्दमा ४३.३३ प्रतिशत त्रुटि गरेका छन् ।

### ४.७.२ 'ग्यँ' को प्रयोग सम्बन्धी त्रुटि

'ग्यँ' र 'ग्याँ' को प्रयोग आगन्तुक र तद्भव शब्दमा गरिन्छ । 'ग्यँ' लेखन क्षमता पहिल्याउन विद्यार्थीहरूलाई दिइएका शब्दहरूलाई तल तालिकामा देखाइएको छ –

**तालिका नं. १९**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| ग्याँस | ८५ | ज्ञास | १५ |
| ग्याँटिस | ५६.६७ | ज्ञटिस | ४३.३३ |
| ग्याङ | ५५ | ज्ञाङ | ४५ |
| ग्यारेण्टी | ७० | ज्ञारेण्टी | ३० |
| ग्याँष्टिक | २० | ज्ञाष्टिक | ८० |
| ग्याँचे | ८२ | ज्ञाचे | १८ |

उपर्युक्त शब्दहरू परीक्षण गर्दा विद्यार्थीहरूले 'ग्यँ' को प्रयोग गर्ने शब्दमा 'ज्ञ' को प्रयोग गरेर त्रुटि गरेका छन् । परीक्षण गरिएका शब्दहरूमा सबैभन्दा कम अर्थात् १५ प्रतिशत 'ग्याँस' शब्द र सबैभन्दा बढी 'ग्याँष्टिक' शब्दमा ८० प्रतिशत विद्यार्थीहरूले त्रुटि गरेका छन् ।

समग्रमा हेर्दा 'ज्ञ' को प्रयोगमा भन्दा 'ग्यँ' को प्रयोग विद्यार्थीहरूले बढी त्रुटि गर्नुको मुख्य कारण कुन वर्ण कहाँ, कसरी प्रयोग गर्ने नियमको ज्ञान नहुनु, अभ्यासको कमी, असतर्कताबाट त्रुटि भएको देखिन्छ ।

## ४.८ 'ऋ' र 'रि' को प्रयोग सम्बन्धी त्रुटि

नेपाली उच्चारणमा 'ऋ' वर्ण नै छैन । यसका ठाउँमा 'रि' को उच्चारण हुन्छ तर तत्सम शब्दमा भने नियम अनुसार नै लेख्नुपर्ने हुँदा नेपाली भाषामा आएका तत्सम शब्दमा 'ऋ' लेख्ने गरिन्छ । तत्समबाहेक आगन्तुक र तद्भव शब्दमा भने 'रि' को प्रयोग गरिन्छ ।

### ४.८.१ 'ऋ' को प्रयोग सम्बन्धी त्रुटि

'ऋ' स्वर वर्ण हो । नेपालीमा यसको प्रयोग तत्सम शब्दमा मात्र गरिन्छ । विद्यार्थीहरूले तत्सम शब्दमा 'ऋ' को प्रयोग गर्नुपर्छ भन्ने थाहा नपाएर 'ऋ' को सट्टा 'रि' को

प्रयोग गरी भाषामा त्रुटि गर्छन् । अध्ययनका क्रममा लिइएका विद्यार्थीहरूको 'ऋ' लेखन क्षमता कस्तो रहेछ भन्ने थाहा पाउनका लागि तलको तालिकामा हेर्न सकिन्छ –

**तालिका नं. २०**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| ऋषिपञ्चमी | ८५ | रिषिपञ्चमी | १५ |
| ऋषि | ९५ | रिषि | ५ |
| ऋतु | ४१.६७ | रितु | ५८.३३ |
| ऋण | ४१.६७ | रिण | ५८.३३ |

माथिको तालिकाको विश्लेषण गर्दा 'ऋ' को प्रयोग गर्ने ठाउँमा 'रि' को प्रयोग गरेर त्रुटि गरेका छन् । यसरी त्रुटि गर्दा सबैभन्दा कम अर्थात् ५ प्रतिशत 'ऋषि' शब्दमा र सबैभन्दा बढी अर्थात् ५८.३३ प्रतिशत 'ऋण' शब्दमा त्रुटि गरेका छन् ।

## ४.८.२ 'रि' को प्रयोग सम्बन्धी त्रुटि

'रि' व्यञ्जन वर्ण हो । नेपालीमा यसको प्रयोग तद्भव र आगन्तुक शब्दमा गरिन्छ । 'रि' लेखन क्षमता पहिल्याउन विद्यार्थीहरूलाई दिइएका शब्दहरू तल तालिकामा देखाइएको छ –

**तालिका नं. २१**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| फेरि | ६८.३३ | फेऋ | ३१.६७ |
| परिस्थिति | ५८.३३ | पऋस्थिति | ४१.६७ |
| रिक्सा | ८३.३३ | ऋक्सा | ११.६७ |
| रिकापी | ८६.६७ | ऋकापी | १३.३३ |
| रिजर्भ | ६० | ऋजर्भ | ४० |
| रिवन | ५८.३३ | ऋवन | ४१.६७ |

माथिको तालिकाको विश्लेषण गर्दा 'रि' लेख्नुपर्नेमा 'ऋ' को प्रयोग गरेर त्रुटि गरेका छन् । यसरी त्रुटि गर्दा सबैभन्दा कम अर्थात् ११.६७ प्रतिशत 'रिक्सा' शब्दमा र सबैभन्दा बढी अर्थात् 'परिस्थिति' र 'रिवन' शब्दमा त्रुटि गरेका छन् । विद्यार्थीहरूले 'ऋ' र 'रि' को प्रयोग सम्बन्धी नियमको अभावमा त्रुटि गरेको देखिन्छ ।

## ४.९ 'चन्द्रबिन्दु' र 'शिरबिन्दु' को प्रयोग सम्बन्धी त्रुटि

नेपाली भाषाको लेखनमा शिरबिन्दुको प्रयोग अनुस्वार ध्वनिहरूका लागि गरिन्छ । शिरबिन्दुको सङ्केत चिह्न ( ं ) हो । नेपाली भाषाको लेखनमा चन्द्रबिन्दुको प्रयोग अनुनासिक ध्वनिहरूका लागि गरिन्छ । चन्द्रबिन्दुको सङ्केत चिह्न ( ँ ) हो ।

### ४.९.१ 'शिरबिन्दु' को प्रयोग सम्बन्धी त्रुटि

नेपाली भाषामा शिरबिन्दुको प्रयोग अनुस्वार ध्वनिहरूको लागि गरिन्छ । अनुस्वारको उच्चारण नाकबाट मात्र हुन्छ । संस्कृतका तत्सम शब्दहरूको प्रयोगमा शिरबिन्दुको प्रयोग गरिन्छ । कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले गरेका त्रुटिहरूलाई निम्नानुसार तालिकामा देखाई विश्लेषण गर्ने प्रयास गरिएको छ –

**तालिका नं. २२**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| संस्कृत | ९१.६७ | सँस्कृत | ८.३३ |
| संवाद | ७० | सँवाद | ३० |
| अंश | ८५ | अँश | १५ |
| कंश | ७१.६७ | कँश | २८.३३ |
| संस्कार | ८८.३३ | सँस्कार | ११.६७ |
| संसार | ९१.६७ | सँसार | ८.३३ |
| संविधान | ६० | सँविधान | ४० |

उपर्युक्त शब्दहरूलाई परीक्षण गर्दा विद्यार्थीहरू शिरबिन्दु ( ं ) को प्रयोग गर्नुपर्ने शब्दमा चन्द्रबिन्दु ( ँ ) को प्रयोग गरेर त्रुटि गरेका छन् । सबैभन्दा कम अर्थात् ८.३३ प्रतिशत 'संसार' र 'संस्कृत' शब्दमा र सबैभन्दा बढी अर्थात् ४० प्रतिशत त्रुटि 'संविधान' शब्दमा गरेको देखिन्छ ।

### ४.९.२ 'चन्द्रबिन्दु' को प्रयोग सम्बन्धी त्रुटि

नेपाली भाषामा प्रयोग हुने चन्द्रबिन्दु ( ँ ) ले नाके ध्वनिलाई बुझाउँछ । अनुनासिक ध्वनिको उच्चारण नाक र मुखबाट हुन्छ । चन्द्रबिन्दुको प्रयोग प्रथम पुरुषको क्रियापदमा र धातुसँग 'द', 'दा', 'दै' सँग गरिन्छ । विद्यार्थीले कुन अवस्थामा चन्द्रबिन्दुको प्रयोग गर्ने भन्ने व्याकरणिक नियमको जानकारी नभएका कारणले यस्ता त्रुटि हुने गर्दछ । यस्ता त्रुटिहरू हुन

नदिन यस सम्बन्धी नियमहरूको जानकारी गराउनु आवश्यक छ । चन्द्रबिन्दु लेखन क्षमता पहिल्याउन विद्यार्थीहरूको परीक्षणको लागि दिइएका शब्दहरू त्रुटियुक्त र त्रुटिरहित सङ्ख्यालाई तालिकाद्वारा देखाइएको छ –

**तालिका नं. २३**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| छायाँ | ६१.६७ | छांया | ३८.३३ |
| गाउँ | ९१.६७ | गाउं | ८.३३ |
| आँखा | ९५ | आंखा | ५ |
| दिउँसो | ५८.३३ | दिउंसो | ४१.६७ |
| औँसी | ६० | औंसी | ४० |
| बाँसुरी | ८५ | बांसुरी | १५ |
| नयाँ वर्ष | ११.६७ | नयां वर्ष | ८८.३३ |

माथिको तालिकाको शब्दहरूलाई परीक्षण गर्दा चन्द्रबिन्दु ( ँ ) को प्रयोग गर्दा सबैभन्दा कम अर्थात् ५ प्रतिशत त्रुटि 'आँखा' शब्दमा र सबैभन्दा बढी अर्थात् ८८.३३ प्रतिशत त्रुटि 'नयाँ वर्ष' शब्दमा गरेका छन् ।

समग्रमा विद्यार्थीहरूले चन्द्रबिन्द र शिरबिन्दु स्पष्टसँग छुट्याउन नसक्नुको प्रमुख कारण हो । उनीहरूले शिरबिन्दु र चन्द्रबिन्दुको उच्चारण र त्यसको सामान्य नियम बुझेमा यस्ता त्रुटिहरूलाई सजिलै हटाउन सक्छन् ।

## ४.१० 'पदयोग' र 'पदवियोग' को प्रयोग सम्बन्धी त्रुटि

भाषिक लेखनका क्रममा शब्दहरूलाई जोडेर लेख्नुलाई 'पदयोग' भनिन्छ भने शब्दहरूलाई छुट्याएर लेख्नुलाई 'पदवियोग' भनिन्छ । 'पदयोग' र 'पदवियोग' लाई सही ढङ्गले प्रयोग गर्न नसकेमा भन्न खोजेको मूल कुराको अर्थ अर्को लाग्न सक्छ । जस्तै : यो सीताको हो । यो सीता को हो ? यी दुई उदाहरणमा 'सीता' र 'को' लाई पदयोग गर्दा सीता सम्बन्धित भन्ने अर्थ हुन्छ तर 'सीता' र 'को' लाई पदवियोग गर्दा 'सीता को' हो भन्ने अर्थ लाग्छ । यसरी उच्चारणमा समान सुनिने शब्द भएर पनि लेखन कार्यमा पदयोग र पदवियोग नियम अनुसार नलेख्नाले अर्थमा प्रभाव पर्न गई भाषिक विचलन देखापर्दछ । त्यसकारण भाषालाई स्पष्ट र अर्थपूर्ण बनाउन पदयोग र पदवियोगको महत्त्वपूर्ण भूमिका हुन्छ ।

## ४.१०.१ 'पदयोग' को प्रयोग सम्बन्धी त्रुटि

नेपाली भाषामा कतिपय यस्ता शब्दहरू छन् जसलाई पदयोग गरी लेख्नैपर्छ । यदि पदवियोग गरी लेखेमा अर्थको अनर्थ हुनजान्छ । त्यसैले विभक्ति, उपसर्ग, प्रत्यय लागेका नामयोगी शब्दहरू, समस्त शब्दहरू, द्वित्व प्रक्रियाबाट बनेका शब्दहरू, संयुक्त क्रियाहरू, अनि अकरण जनाउने पदहरू पदयोग गरी लेख्नुपर्छ । विद्यार्थीहरूले पदयोग सम्बन्धी गरेका त्रुटिहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ –

**तालिका नं. २४**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| कोठामा | ९६.६७ | कोठा मा | ३.३३ |
| छानामुनि | ३३.३३ | छाना मुनि | ६६.६७ |
| झैझगडा | ३३.३३ | झै झगडा | ६६.६७ |
| दाजुभाइ | २८.३३ | दाजु भाइ | ७१.६७ |
| हिजोदेखि | ९० | हिजो देखि | १० |
| अनुशासन | ७५ | अनु शासन | २५ |

माथिको तालिका विश्लेषण गर्दा 'पदयोग' को प्रयोग गर्दा सबैभन्दा कम अर्थात् ३.३३ प्रतिशत 'कोठामा' शब्दमा र सबैभन्दा बढी अर्थात् ७१.६७ प्रतिशत 'दाजुभाइ' शब्दमा त्रुटि गरेका छन् ।

## ४.१०.२ 'पदवियोग' को प्रयोग सम्बन्धी त्रुटि

नेपाली भाषामा कुनै शब्दहरूको पदयोग गर्नुपर्दछ भने कुनै शब्द पदवियोग गरेर लेख्नुपर्दछ । नेपाली भाषाको विशेषता डिको रेखा हो । डिकोको कारण पदयोग र पदवियोग छुट्टिने हुँदा डिको दिनु र नदिनुले पनि अर्थमा फरक पर्न जान्छ । विभक्ति र नामयोगी पछिका नामयोगी निपातहरू, पूर्ण र अपूर्ण पक्षबोधक क्रियापदहरू आदिमा पदवियोग गर्नुपर्नेमा पदयोग गरेर त्रुटि गरेका छन् ।

**तालिका नं. २५**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| मेरा लागि | ४३.३२ | मेरालागि | ५६.६७ |
| उसले पनि | ९० | उसलेपनि | १० |
| हरि र सीता | ८५ | हरिरसीता | १५ |

| | | | |
|---|---|---|---|
| भएता पनि | ६१.६७ | भएतापनि | ३८.३३ |
| ईश्वरका निम्ति | ६५ | ईश्वरकानिम्ति | ३५ |
| आउने छ | ६७ | आउनेछ | ३३ |

माथिको तालिकाको विश्लेषण गर्दा पदवियोगको प्रयोग गर्दा सबैभन्दा कम १० प्रतिशत त्रुटि 'उसले पनि' शब्दमा र सबैभन्दा बढी त्रुटि ५६.६७ प्रतिशत त्रुटि 'मेरा लागि' शब्दमा गरेका छन् । यस्ता त्रुटिहरू हटाउन विद्यार्थीहरूलाई वर्ण विन्यास सम्बन्धी आधारभूत नियमहरूको अध्ययन गराएर अभ्यास गर्न लगाउँदा देखिएका त्रुटिहरू हराएर जाने विश्वास गर्न सकिन्छ ।

## ४.११ 'हलन्त' र 'अजन्त' को प्रयोग सम्बन्धी त्रुटि

'हल्' भनेको व्यञ्जन र 'अच्' भनेको स्वर हो । 'हल्' धातुमा अन्त प्रत्यय लागेर 'हलन्त' शब्द बनेको हो । 'हलन्त' को अर्थ 'हल्' मा अन्त्य हुने वा व्यञ्जनमा अन्त्य हुने हो भने 'अजन्त' को अर्थ 'अच्' मा अन्त्य हुने हो वा स्वरमा अन्त्य हुने हो ।

### ४.११.१ 'हलन्त' को प्रयोग सम्बन्धी त्रुटि

'हल्' धातुमा प्रत्यय लागेर 'हलन्त' शब्द बनेको हुन्छ । 'हल्' को अर्थ व्यञ्जन हुन्छ भने 'अजन्त' को अर्थ अन्त्य हुन्छ । तसर्थ 'हलन्त' को अर्थ व्यञ्जनमा अन्त्य हुने हो । उच्चारणका आधारबाट छुट्याउँदा स्वर झिकिएको व्यञ्जन अक्षर मात्र 'हलन्त' हुन्छ । कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूलाई दिइएअनुसारका तलका शब्दहरूको परीक्षण गर्दा गल्ती गरेका र शुद्ध लेखेका शब्दहरूको तालिकीकरणलाई यसरी देखाउन सकिन्छ –

**तालिका नं. २६**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| भगवान् | ९१.६७ | भगवान | ८.३३ |
| महान् | ५.३३ | महान | ४६.६७ |
| श्रीमान् | ९६.६७ | श्रीमान | ३.३३ |
| स्याबास् | ६५ | स्याबास | ३५ |
| जगत् | ३५ | जगत | ६५ |
| गुणवान् | ६१.६७ | गुणवान | ३८.३३ |

माथिको तालिकाको विश्लेषण गर्दा 'हलन्त' को प्रयोग गरेर सबैभन्दा कम ३.३३ प्रतिशत त्रुटि 'श्रीमान्' शब्दमा र सबैभन्दा बढी ६५ प्रतिशत त्रुटि 'जगत्' शब्दमा गरेका छन् ।

## ४.११.२ 'अजन्त' को प्रयोग सम्बन्धी त्रुटि

'अच्' धातुमा 'अन्त' प्रत्यय लागेर 'अजन्त' शब्द बनेको हो । 'अच्' को अर्थ स्वर र 'अन्त' को अर्थ अन्त्य हो । तसर्थ 'अजन्त' को अर्थ स्वरमा अन्त्य हुने हो र तर नाम, सर्वनाम, विशेषण र अव्यय शब्दको उच्चारण 'हलन्त' भए पनि लेखाइमा 'अजन्त' लेखिन्छ । आज्ञार्थ क्रियापद, अनुकरणात्मक शब्द, अकरण क्रिया, असमापक क्रिया आदिमा 'अजन्त' लेखिन्छ । यसरी 'अजन्त' उच्चारण हुने सबै र नहुने कतिपय अवस्थामा 'अजन्त' लेखिन्छ । कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको 'अजन्त' लेखन क्षमता तलको तालिकाबाट प्रष्ट पारिएको छ –

**तालिका नं. २७**

| त्रुटि नभएको शब्द | प्रतिशत | त्रुटि भएको शब्द | प्रतिशत |
|---|---|---|---|
| असल | ९० | असल् | १० |
| हिमाल | ८६.६७ | हिमाल् | १३.३३ |
| तागत | ७० | तागत् | ३० |
| दूध | ६० | दूध् | ४० |
| खाम | ५५ | खाम् | ४५ |
| दस | ७७ | दस् | २३ |

माथिको तालिकाको विश्लेषण गर्दा सबैभन्दा कम १० प्रतिशत 'असल' शब्दमा र बढी 'खाम' शब्दमा ४५ प्रतिशत त्रुटि गरेका छन् ।

## ४.१२ 'लेख्य चिह्न' को प्रयोग सम्बन्धी त्रुटि

नेपाली लेखनमा वर्ण विन्यासका अतिरिक्त 'लेख्य चिह्न' हरूको पनि अत्यन्त महत्त्वपूर्ण भूमिका हुन्छ । शुद्ध र स्तरीय भाषिक प्रयोगका लागि यस्ता लेख्य चिह्नहरू वर्णजत्तिकै अनिवार्य ठानिन्छन् । किनभने लेखाइ र बोलाइमा यिनको अर्थ भेदक मूल्य रहेको हुन्छ । लेख्य चिह्नको सही प्रयोग नभएमा अर्थको अनर्थ हुने गर्दछ । यति, गति मिलाएर वाचन गर्न यिनले मुख्यरूपमा भूमिका खेल्दछन् । तसर्थ विद्यार्थीहरूलाई कस्तो ठाउँमा कुन चिह्नको प्रयोग गर्ने भन्ने सम्बन्धमा स्पष्ट पार्न सकिएमा स्तरीय भाषाको प्रयोग हुन्छ ।

निम्न माध्यमिक तह अन्तर्गत कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले केही सामान्य लेख्य चिह्न पूर्णविराम, अल्पविराम र प्रश्नवाचक चिह्नमा कम त्रुटि गरे पनि उद्‌गार चिह्न, योजक चिह्न र उद्धरण चिह्नको प्रयोगमा भने प्रशस्त त्रुटि गरेका छन् । त्यस्तैगरी स्वतन्त्र लेखन अन्तर्गत *विद्यार्थीहरूको जीवनमा अनुशासनको महत्त्व* शीर्षकको निबन्ध लेखनमा पनि ठीक ठाउँमा ठीक चिह्नको प्रयोग गर्न सकेको देखिएन । विद्यार्थीहरूले विभिन्न लेख्य चिह्नको प्रयोगमा गरेका त्रुटिहरू निम्नलिखित छन् –

**तालिका नं. २८**

| विद्यार्थीहरूले प्रयोग गरेका त्रुटियुक्त चिह्न | शुद्ध रूपमा प्रयोग गरिने त्रुटिरहित चिह्न |
|---|---|
| तिम्रो देशको नाम के हो । | तिम्रो देशको नाम के हो ? |
| तिमी कति वर्षका भयौ ? | तिमी कति वर्षका भयौ ? |
| तिमीलाई कुन सर मनपर्छ । | तिमीलाई कुन सर मनपर्छ ? |
| बहिनी र म बजार जान्छौँ | बहिनी र म बजार जान्छौँ । |
| आहा कति राम्रो पुतली | आहा ! कति राम्रो पुतली |
| छि छि कति ! गन्हायो । | छि ! छि ! कति गन्हायो ! |
| तिम्रो नाम के हो ? भनी आमाले सोध्नुभयो । | तिम्रो नाम के हो भनी आमाले सोध्नुभयो । |
| म त फुटबल किन्छु किन्छु । | म फुटबल किन्छु, किन्छु । |
| मेरो विद्यालयमा पुस्तकालय सङ्गीत केन्द्र फुटबल मैदान र बगैचा छ । | मेरो विद्यालयमा पुस्तकालय, सङ्गीत केन्द्र, फुटबल मैदान र बगैँचा छ । |
| मेरो विद्यालयमा पुस्तकालय सङ्गीत केन्द्र फुटबल मैदान र बगैँचा छ । | देवकोटाको उत्कृष्ट कृति **मुनामदन** हो । |
| देवकोटाको उत्कृष्ट कृति **मुनामदन** हो । | हरिले भन्यो - 'तिमी के गर्दै छौ ?' |
| हरिले भन्यो तिमी के गर्दै छौ ? | |

# पाँचौं परिच्छेद
# उपसंहार

## ५.१ विषय प्रवेश

यस शोध पत्रको प्रस्तुत परिच्छेदमा निर्धारित विद्यालयका तोकिएका विद्यार्थीबाट निर्दिष्ट प्रश्नावली अनुसार प्राप्त तथ्याङ्कहरूको व्याख्या-विश्लेषणबाट प्राप्त तथ्याङ्कीय सूचनाका आधारमा निष्कर्ष तथा सुझावहरूलाई प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

मानवीय अनुभव तथा विचारको अभिव्यक्ति हो तर भाषाका कथ्य एवम् लेख्यरूपमा प्रशस्त त्रुटिहरू रहेका हुन्छन् । भाषा शिक्षणमा देखापर्ने त्रुटिहरूको अध्ययन गर्नु सजिलो कुरा हो तर भाषामा देखिएका त्रुटिको निराकरणका उपायहरू बताउनु भने त्यति सजिलो छैन । भाषा शिक्षण भाषिक सीपको शिक्षण हो । सीप सिक्ने काममा सिकाइको प्रक्रिया सिकारु आदि विभिन्न कारणले सिकाइ पूर्ण नहुन सक्छ । कहिलेकाहीँ त गलत धारणाको निर्माण समेत हुनसक्छ । शिक्षण सिकाइ कार्यमा देखिएका विविध समस्याको खोजी गरी समाधानका उपायहरू पनि पत्ता लगाएर नै भाषा शिक्षणमा सुधार ल्याउन सकिन्छ । निम्न माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूलाई शुद्धसँग भाषाको प्रयोग गर्नसक्ने बनाउने उद्देश्य पाठ्यक्रमले लिएको भए तापनि वर्ण विन्यासका त्रुटिहरूलाई बिल्कुलै निवारण गर्न त सम्भव देखिँदैन तर बढी अभ्यास र उपयुक्त शिक्षण विधिको उपयोग गरेर भाषामा देखिएका त्रुटिहरूलाई कम गर्न भने अवश्य सकिन्छ । यस अध्ययनका क्रममा पनि विद्यार्थीहरूबाट लेखन अभिव्यक्तिमा वर्ण विन्यास सम्बन्धी अध्ययन गर्दा एउटै स्थान र भाषाका एउटै पक्षसँग सम्बन्धित त्रुटि नभएर विविध पक्षसँग सम्बद्ध त्रुटिहरू देखिएका छन् । यस्ता त्रुटिहरू विविध क्षेत्रका देखिएकाले तिनीहरूलाई बुँदागत रूपमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

१. ह्रस्वदीर्घ सम्बन्धी त्रुटिहरूको अध्ययन गर्दा शब्दादि, शब्दमध्य र शब्दान्तमा सबै विद्यार्थीहरूले फरक फरक अनुपातमा त्रुटि गरेको देखिन्छ । ह्रस्व सम्बन्धी

त्रुटिहरूको विश्लेषण गर्दा सबैभन्दा बढी त्रुटि शब्दान्तमा ह्रस्व लेख्नुपर्ने शब्दमा गरेका छन् र सबैभन्दा कम त्रुटि शब्दमध्यमा पाइन्छ । यस्तै दीर्घ सम्बन्धी त्रुटिहरूलाई हेर्दा शब्दान्तमा बढी र शब्दादिमा कम त्रुटि गरेको देखिन्छ ।

२. त्रुटिको अध्ययनकै क्रममा वर्ण विन्यासका त्रुटिपक्ष 'श', 'ष' र 'स' को प्रयोगमा पनि विद्यार्थीहरूदले सबै 'स' को प्रयोगमा एकैनासको त्रुटि गरेको देखिँदैन । 'श', 'ष' र 'स' सम्बन्धी त्रुटिहरूलाई केलाउँदा 'स' को प्रयोगमा सबैभन्दा कम विद्यार्थीहरूले त्रुटि गरेको पाइन्छ भने सबैभन्दा बढी पेटफाट्यो 'ष' मा गरेको देखिन्छ । त्यसैगरी मोटो 'श' को प्रयोगमा पातलो 'स' का तुलनामा बढी त्रुटि गरेको पाइयो ।

३. 'ब' र 'व' को प्रयोग सम्बन्धी अध्ययन गर्दा विद्यार्थीहरूले 'ब' र 'व' मा भेद नगरी प्रयोग गरेको पाइयो । विद्यार्थीहरूले 'ब' को सट्टामा 'व' र 'व' को सट्टामा 'ब' लेखेर त्रुटि गरेका छन् । संस्कृतका तत्सम शब्दहरूमा 'ब' उच्चारण भए पनि 'व' लेखिन्छ तर विद्यार्थीहरू जे बोलिन्छ त्यही लेखेको पाइयो । तुलनात्मक रूपमा हेर्दा 'ब' को प्रयोगमा भन्दा 'व' को प्रयोगमा त्रुटि गर्ने विद्यार्थीहरू धेरै भेटिए समग्रमा हेर्दा 'ब' र 'व' वर्णको प्रयोग 'ब' वर्णको प्रयोग राम्रो रहेको देखिन्छ ।

४. 'य' र 'ए' को प्रयोग पनि वर्ण विन्यासको त्रुटि क्षेत्र भएकोले विद्यार्थीहरूले 'य' र 'ए' को सट्टामा 'य' लेखेर त्रुटि गरेको देखिन्छ । 'य' र 'ए' वर्णको उच्चारणमा केही समानता पाइएकाले विद्यार्थीहरूले यी दुवैलाई वैकल्पिक रूपमा प्रयोग गरेर त्रुटि गरेका छन् । यसरी 'य' वर्णको प्रयोगमा 'ए' लेखेर ३५.२० प्रतिशत विद्यार्थीले त्रुटि गरेका र 'ए' वर्णको प्रयोगमा 'य' वर्ण लेखेर ७.७८ प्रतिशत विद्यार्थीहरूले त्रुटि गरेका छन् । विद्यार्थीहरूमा 'य' वर्णको प्रयोग क्षमताभन्दा 'ए' वर्णको प्रयोग क्षमता उच्च रहेको देखिन्छ ।

५. वर्ण विन्यासीय त्रुटिको अर्को पक्ष 'छ' र 'क्ष' को प्रयोगमा देखिएको छ । 'छ' र 'क्ष' वर्णको प्रयोगमा दुवै वर्णको प्रयोग क्षमता बराबर देखिन्छ । 'छ' वर्णको ठाउँमा 'क्ष', 'क्षे', 'क्षि' वर्णको प्रयोग गरेर बढी त्रुटि गरेको देखिन्छ । यस्ता त्रुटि निराकरणका लागि वर्ण विन्यासीय नियमको जानकारी दिँदै प्रयोगात्मक अभ्यास गराउनु पर्ने देखिन्छ ।

६. 'ग्यँ' र 'ज्ञ' को प्रयोगमा पनि विद्यार्थीहरूले त्रुटि गरेका छन् । 'ज्ञ' का उच्चारण 'ग्यँ' गरिने हुनाले विद्यार्थीहरूले 'ज्ञ' र 'ग्यँ' को प्रयोगमा त्रुटि

गरेका छन् । 'ज्ञ' को प्रयोगमा १८.३३ प्रतिशत विद्यार्थीहरूले त्रुटि गरेका छन् भने 'ग्यँ' को प्रयोगमा ३८.५६ प्रतिशतले त्रुटि गरेका छन् । समग्रमा भन्दा विद्यार्थीहरूको 'ग्यँ' को प्रयोग क्षमताभन्दा 'ज्ञ' वर्णको प्रयोग क्षमता उच्च रहेको देखिन्छ ।

७. 'ऋ' र 'रि' को प्रयोगमा पनि विद्यार्थीहरूले त्रुटि गरेका छन् । नियम र पर्याप्त अभ्यासका कारणले गर्दा 'ऋ' को प्रयोग गर्नुपर्ने ठाउँमा 'रि' को प्रयोग गरेर र 'रि' को प्रयोग गर्नुपर्ने ठाउँमा 'ऋ' को प्रयोग गरेर बढी त्रुटि गरेका छन् । तुलनात्मक रूपमा 'रि' को प्रयोगमा भन्दा 'ऋ' को प्रयोगमा बढी त्रुटि गरेको पाइन्छ ।

८. 'शिरबिन्दु' र 'चन्द्रबिन्दु' को प्रयोगलाई हेर्दा 'चन्द्रबिन्दु' को ठाउँमा 'शिरबिन्दु' को प्रयोग गरेर र 'शिरबिन्दु' को ठाउँमा 'चन्द्रबिन्दु' को प्रयोग गरेर विद्यार्थीहरूले त्रुटि गरेका छन् । 'शिरबिन्दु' को प्रयोगमा त्रुटि गर्ने जम्मा विद्यार्थीहरूमा २०.२३ प्रतिशत रहेका छन् भने 'चन्द्रबिन्दु' को प्रयोगमा त्रुटि गर्ने विद्यार्थीहरू ३३.८१ प्रतिशत रहेका छन् । समग्रमा 'शिरबिन्दु' को प्रयोगमा भन्दा 'चन्द्रबिन्दु' को प्रयोगमा बढी त्रुटि गरेको देखिन्छ ।

९. वर्ण विन्यासको अर्को त्रुटि क्षेत्रको रूपमा 'पदयोग' र 'पदवियोग' सम्बन्धी त्रुटि भएको पाइन्छ । भाषामा रहेका पदहरू आवश्यकता अनुसार जोडिनु र छुट्टिनु आफ्नै किसिमको नियम वर्ण विन्यासले तय गरेको भए तापनि 'पदयोग' र 'पदवियोग' सम्बन्धी नियमको ज्ञान र अभ्यासको अभावमा पदयोग हुनुपर्ने शब्द 'पदवियोग' र 'पदवियोग' हुनुपर्ने शब्द 'पदयोग' गरी त्रुटि गरेका छन् ।

१०. नेपाली भाषामा देखिएको वर्ण विन्यासगत त्रुटि क्षेत्रमध्येको एकपक्ष 'अजन्त' र 'हलन्त' पनि हो । नेपाली भाषाका केही शब्दहरूको उच्चारणमा बोल्दा 'हलन्त' र लेख्दा 'अजन्त' लेख्ने वर्ण विन्यासको नियम रहेको छ । 'हलन्त' र 'अजन्त' को प्रयोगलाई हेर्दा विद्यार्थीमा 'अजन्त' को प्रयोग क्षमता सवल देखिएको छ ।

समष्टिगत रूपमा भन्नुपर्दा नेपाली भाषाका विविध क्षेत्रमा वर्ण विन्यासले आफ्नो नियम र व्यवस्थाको किटान गरेको छ । वर्ण विन्यासले किटान गरेको नियम र व्यवस्था अनुसार भने लेखाइमा व्यवहारिक रूपमा लागू हुन सकेको छैन । भाषा शिक्षणका क्रममा वर्ण विन्यासले तोकेको सबै नियमहरू सिकाउने र बारम्बार अभ्यास गराउने प्रचलन त्यति छैन । त्यसै कारणले विद्यार्थीहरू वर्ण विन्यासका क्षेत्रमा कमजोर भएको देखिन्छ । भाषा सिकाइ र यसको अभिव्यक्तिका क्रममा रहेका उक्त त्रुटिहरूको निवारण नै त हुन कठीन छ तर उपयुक्त

शिक्षण कार्यकलाप र विधिको प्रयोग गरेर अभ्यास गरेमा दक्ष र अनुभवी शिक्षकको सहायताबाट उक्त त्रुटिहरूलाई भाषा शिक्षणको तल्लो तहदेखि नै कम गर्दै लैजान सकिन्छ ।

## ५.३ सुझावहरू

सिकाइ निरन्तर चलिरहने प्रक्रिया हो । सिकाइका क्रममा त्रुटि हुनु स्वभाविक मानिन्छ । नेपाली भाषाका विविध क्षेत्रमा विभिन्न प्रकारका त्रुटिहरू हुन्छन् । यस्ता त्रुटिहरूलाई शिक्षणको क्रममै निराकरण गर्ने प्रयास गर्नुपर्दछ । त्रुटिहरू कस्ता हुन् र कसरी भए भन्ने जानकारी विद्यार्थीहरूलाई दिनुपर्दछ । शिक्षणको क्रममा प्रत्येक पाठमा आउने नयाँ शब्दहरूको हिज्जेप्रति सचेत नयाँ शब्दहरूको ख्याल गर्ने बानी बसाल्न उनीहरूलाई कालीपाटीमा लेखेर बताउने वा पाठ्यपुस्तकमा भएका त्यस्ता शब्दहरू प्रति सचेत गराउनु पनि आवश्यक हुन्छ । विद्यार्थीहरूले वर्ण विन्यासमा के-कस्ता त्रुटिहरू गर्दछन् ? ती त्रुटिहरूका खासखास क्षेत्र के के हुन् ? त्यस सम्बन्धमा शिक्षकले वर्ण विन्यास सिकाउँदा ध्यान दिन सक्नुपर्दछ ।

भाषिक शुद्धताको विकासका लागि त्रुटिको निराकरण गर्नुपर्छ । भाषामा स्तरीकरणको भाषाको लेख्य प्रयोगमा एकरूपता कायम गर्नु हो । नेपाली भाषालाई विभिन्न भागमा भिन्ना भिन्नै किसिमले प्रयोग गरिने हुनाले वर्ण विन्यासमा पनि फरक हुन गएको हो । त्यस्तै गरेर भाषाको उच्चार्य रूपलाई जस्ताको त्यस्तै लिपिमा उतार्न नसकिने हुनाले पनि वर्ण विन्यासमा फरक पर्न गएको हो, जसले भाषालाई लेख्यरूपमा प्रयोग गर्न बाधा पुऱ्याउँछ । स्तरीय भाषिक प्रयोगलाई प्रोत्साहन नदिनु पनि त्रुटि हुनको अर्को कारण हो । निम्न माध्यमिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीले नेपाली भाषाको स्तरीय लेखन गर्दा गरेका त्रुटिहरू निराकरण गर्न अवलम्बन गर्नुपर्ने केही उपाय तथा सुझावहरू बुँदागत रूपमा प्रस्तुत गरिएको छ –

१. सर्वप्रथम त नेपाली भाषाप्रतिको विद्यमान सोचाइलाई परिवर्तन गर्नुपर्ने देखिन्छ । नेपाली भाषा त हो नि जसले पढाउन पनि सक्छ र पढाए हुन्छ भन्ने परम्परालाई तोडेर दक्षता प्राप्त शिक्षकद्वारा पठनपाठन गराई प्रारम्भिक चरणदेखि नै बालबालिकालाई शुद्ध बोल्न र लेख्न सिकाउनु पर्दछ ।

२. समय समयमा पाठ्यक्रम परिमार्जन गरेर परिवर्तित तथा परिमार्जित पाठ्यक्रम अनुसारका विषयवस्तुलाई के कसरी शिक्षण गर्ने भन्ने सन्दर्भमा सम्बन्धित निकायबाट समय समयमा अभिमुखीकरण तालिम सञ्चालन गरिनुपर्दछ ।

३. नेपाली भाषा नेपालको राष्ट्रभाषा, सम्पर्कको भाषा, संचारको भाषा, शिक्षा र प्रशासनको भाषा भएकोले पनि यसमा सक्षम, शुद्ध र स्तरीय भाषा प्रयोग गर्नसक्ने बनाउन योग्य तालिम प्राप्त दक्ष शिक्षकको आवश्यकता पर्दछ ।

नेपाली भाषी शिक्षकलाई भाषा शिक्षण गर्न लगाउने र दोस्रो भाषाका रूपमा नेपाली भाषा सिकेका शिक्षकलाई तालिम प्राप्त भएपछि मात्र शिक्षण गर्न दिनुपर्दछ ।

४. वर्ण विन्यास शिक्षण गर्दा सैद्धान्तिक पक्षमा भन्दा प्रायोगिक पक्षमा ध्यान दिनुपर्दछ । नियम घोकाउने भन्दा विद्यार्थी केन्द्रित विधिबाट लेखन कलामा आधारित शिक्षण सिकाइ क्रियाकलाप गराउनु पर्दछ ।

५. शिक्षकले नेपाली भाषा शिक्षण गर्ने क्रममा विद्यार्थीहरूलाई क्रियाशील बनाई आफ्ना अभिव्यक्ति दिन र लेखन प्रतिस्पर्धाको अवस्था सृजना गरी शुद्ध प्रयोग गर्नेलाई पुरस्कार दिई प्रोत्साहन गर्ने र अशुद्ध प्रयोग गर्नेलाई पनि शुद्ध प्रयोग गर्नेतर्फ प्रोत्साहित गर्नुपर्दछ ।

६. व्याकरणलाई छुट्टै विषयका रूपमा नसिकाई यसलाई भाषा पाठ्यपुस्तक विधिबाट सिकाउन सकेमा अन्य विषयवस्तुको बोधको साथसाथै भाषामा पनि शुद्धता आउने हुन्छ । यसका लागि शिक्षकले पुरानो विधिलाई त्यागेर नवीन विधितर्फ उन्मुख हुनुपर्ने देखिन्छ ।

७. दोस्रो भाषाको रूपमा नेपाली भाषा अध्ययन गर्ने विद्यार्थीहरूमा मातृभाषाको प्रभाव पर्ने हुँदा बढी मात्रामा अभ्यास गराउनु सान्दर्भिक हुन्छ । जसले गर्दा नेपाली भाषामा हुने त्रुटिहरूको निराकरण गर्न सकिन्छ ।

८. पाठमा प्रयुक्त भएका त्रुटिसँग सम्बन्धित शब्दहरूलाई शिक्षकले सङ्कलन गरी कालोपाटीमा लेखेर विद्यार्थीहरूलाई वाक्यमा प्रयोग गर्न लगाउने र पालैपालो पढेर सुनाउन भन्ने र ठीक प्रयोग गरेमा धन्यवाद दिने कार्य गर्दा त्रुटिलाई कम गर्न सकिन्छ । त्रुटि गरेमा शिक्षकले वाक्यमा प्रयोग गरी देखाउने र पुनः अभ्यास गर्न लगाउने । यसबाट विद्यार्थीहरूले शब्दमा रहेका वर्ण एवम् मात्राको ख्याल गर्ने अवसर पाउँछन् । यसबाट प्रयुक्त शब्दप्रति विद्यार्थीहरूले अभ्यास गर्ने र त्रुटि घटाउने वा शब्दसँग परिचित हुने मौका पाउँछन् ।

९. शिक्षकले पाठ पढाइसकेपछि जटिल हिज्जे देखिएका शब्दहरूलाई रेखाङ्कन गरी कालोपाटीमा वाक्य बनाई देखाउने र उक्त शब्दहरूलाई तुरुन्त मेटी पनुः विद्यार्थीहरूबाट त्यस शब्दलाई लेख्न लगाई शब्दलेखन सम्बन्धी अभ्यास गराउनाले त्रुटि कम हुन जाने देखिन्छ ।

१०. पदयोग र पदवियोग शिक्षण गर्दा शिक्षकले कालोपाटीमा लेखी विद्यार्थीबाट शब्दको अर्थ भन्न लगाई वाक्यमा प्रयोग गर्न लगाउने अनि विद्यार्थीबाट अर्थ र वाक्य ठीक भएमा धन्यवाद दिने गर्नाले त्रुटिको मात्रा कम हुन जान्छ ।

११. बोल्दा 'ब' बोलिने र लेख्दा 'व' लेखिने शब्दहरूको खोजी गरेर ल्याउन भन्दै उदाहरणका रूपमा दुई/तीनवटा शब्द कालोपाटीमा लेखी देखाउनु पर्दछ । बढी शब्द लेख्ने समूहलाई विजेता घोषणा गर्ने निर्देशन दिनाले विद्यार्थीहरूमा यस्ता शब्दको खोजी गर्ने र शब्दप्रति बढी ध्यान जाने हुन्छ । 'श', 'ष' र 'स', 'य' र 'ए', 'क्ष' र 'छ्' र 'ज्ञ' र 'ग्यँ' को शिक्षणमा पनि उपयुक्त नियम अनुसार शिक्षण गर्नाले विद्यार्थीहरूमा आपसमा छलफल गर्ने बानीको विकास हुन्छ भने शब्दप्रति बढी ध्यान जाने देखिन्छ ।

१२. विद्यार्थीहरूलाई पाठको कुनै अनुच्छेद लेख्न लगाएर पनि प्रष्ट र राम्रा अक्षर बनाउने र शुद्ध शब्दको प्रयोग गर्ने बानीको विकास हुने देखिन्छ ।

१३. विद्यार्थीहरूलाई तिनीहरूकै पाठ्यपुस्तकबाट पढिसकेको पाठबाट शब्द सङ्कलन गरी हिज्जे लेख्न लगाउने र एक आपसमा कापी साटेर जाँच्न लगाउने र पछि शिक्षकले कालोपाटीमा लेखी देखाउने गर्नाले शब्दप्रति बढी ध्यान जाने हुन्छ ।

१४. नि.मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूले हरेक पक्षसँग सम्बन्धित वर्ण विन्यासीय त्रुटि गरेका छन्, जसमा विशेषगरी ह्रस्वदीर्घ र लेख्य चिह्नको प्रयोगबारे जानकारी दिन आवश्यक छ । ह्रस्व र दीर्घ सम्बन्धी प्रयोगले अर्थमा फरक देखाउने, विराम चिह्नको कारणले भन्न खोजेको कुरा प्रष्ट नहुने भएकाले विद्यार्थीहरूलाई ह्रस्वदीर्घ चिह्नको प्रयोगमा जोड दिई अभ्यास गराउनु पर्ने देखिन्छ ।

१५. शिक्षण गर्नुपर्ने व्याकरणिक एकाइलाई वातावरणसँग समायोजन गराई सोही अनुसारको वर्ण विन्यासका सामग्रीहरू तयार गरी विद्यार्थीहरूलाई प्रयोग गर्न लगाउने । शिक्षकले पनि प्रश्नोत्तर प्रदर्शन र प्रयोगात्मक विधि अपनाएर शिक्षण कार्यमा ध्यान दिनुपर्दछ ।

१६. वर्ण विन्यास सम्बन्धी अध्ययनमा अधिकांश त्रुटिहरू व्याकरणिक नियमहरूको जानकारी नहुनाले र अभ्यासको कमीले हुन गएको देखिन्छ । त्यसैले विद्यार्थीहरूलाई कक्षाकोठामा नै अभ्यासका अवसरहरू प्रदान गरी त्यसको प्रभावको लेखाजोखा जोड गर्नु आवश्यक देखिन्छ ।

१७. वर्ण विन्यासगत त्रुटिहरूको निराकरणका लागि बढीभन्दा बढी उच्चारण गर्न लगाउने कक्षामा सस्वर वाचन गराउँदा ध्यान दिएर वाचन गर्न लगाउने तथा लेखन कार्यमा बढी अभ्यास गराउँदै लैजानाले उक्त समस्या निराकरण हुँदै जान्छ ।

१८. शिक्षकले वर्ण विन्यास सम्बन्धी दिइएका कक्षाकार्य र गृहकार्यलाई मूल्याङ्कन गरी तरुन्तै पृष्ठपोषण दिने र निरन्तर मूल्याङ्कन गर्ने पद्धति अपनाउनु पर्छ । यसो गरेमा वर्ण विन्यास सम्बन्धी त्रुटि कम हुने र भएका त्रुटिहरू निराकरण हुने देखिन्छ ।

१९. भाषा शिक्षण गर्दा बाल मनोविज्ञानलाई विशेष महत्त्व दिनुपर्दछ ।

२०. यस तहमा अध्ययन गर्ने विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिकाइका क्रममा विद्यार्थीले वर्ण विन्यास सम्बन्धी सामान्यभन्दा सामन्य क्षेत्रमा त्रुटि गरेका छन् । यस्ता त्रुटि पक्षलाई तल्लो तहदेखि नै निराकरणका उपायहरूमा ध्यान दिएर हटाउनु पर्ने देखिन्छ ।

अन्त्यमा प्रस्तुत अध्ययन निश्चित क्षेत्रमा आधारित रहेर गरिएको सानो अध्ययन हो । त्यसैले प्रस्तुत अध्ययन समाविष्ट सुझाव सबै परिस्थितिमा उत्तिकै उपयोगी हुन्छन् भन्ने छैन । यद्यपि वर्ण विन्यासगत त्रुटि निराकरणका लागि अहोरात्र अग्रसर सबैमा प्रस्तुत सुझावबाट केही सहयोग मिल्न सक्छ भन्ने कुराको विश्वास गर्न सकिन्छ । यस अध्ययनमा वर्ण विन्यास सम्बन्धी त्रुटि क्षेत्रमा केन्द्रित भएर गीतानगर गा.वि.स.का सामुदायिक दुईवटा र संस्थागत दुईवटा विद्यालयका विद्यार्थीहरूको वर्ण विन्यासका क्षेत्रमा गर्ने त्रुटिहरूको अध्ययन गरिएको छ । यस अध्ययनबाट उनीहरूले निम्न माध्यमिक तहको खुड्किलो पार गर्दा वर्ण विन्यास सम्बन्धी के कस्ता कमी-कमजोरी विद्यमान रहेका छन्, तिनीहरूको शैक्षिक गुणस्तर वृद्धिका लागि वर्ण विन्यासका विभिन्न क्षेत्रमा सहयोग प्राप्त हुन सक्ने आशा गरिएको छ ।

# सन्दर्भ ग्रन्थ सूची

## (क) पुस्तक सूची

अधिकारी, हेमाङ्ग राज, **नेपाली भाषा शिक्षण**, तेस्रो संस्क., (काठमाडौँ : कुञ्जल प्रकाशन, २०४९) ।

__________________, **भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति**, चौथो संस्क., (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५३) ।

__________________, **नेपाली भाषा शिक्षण**, (काठमाडौँ : कुञ्जल प्रकाशन, २०५५) ।

__________________, **सामाजिक र प्रायोगिक भाषाविज्ञान,** (काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६५) ।

ढकाल, शान्ति प्रसाद, **प्रायोगिक भाषा विज्ञान**, (काठमाडौँ : शुभकामना प्रकाशन, २०६४) ।

पोखरेल, बालकृष्ण र अन्य, **नेपाली बृहत् शब्दकोश**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४०) ।

बन्धु, चूडामणि, **अनुसन्धान तथा प्रतिवेदन लेखन**, (काठमाडौँ : रत्न पुस्तक भण्डार, २०५२) ।

भण्डारी, पारस मणि, **प्रायोगिक भाषाविज्ञान केही पक्ष,** (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५४) ।

रिमाल, डिल्लीराम, **नेपाली शिक्षण**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५४)

शर्मा, मोहन राज, **शब्दरचना र वर्ण विन्यास**, (काठमाडौँ : काठमाडौँ बुक सेन्टर, २०५८) ।

## (ख) शोध पत्र सूची


आचार्य, सूर्य राज, **चितवन जिल्ला मङ्गलपुर गा.वि.स. अन्तर्गतका कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यासगत त्रुटिहरूको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोध पत्र, नेपाली भाषा शिक्षा विभाग, बालकुमारी कलेज, चितवन, २०६८) ।

कँडेल, टीका, **चितवन जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोध पत्र, नेपाली भाषा शिक्षा विभाग, बालकुमारी कलेज, चितवन, २०६८) ।

कार्की, क्षेत्रबहादुर, **कक्षा ५ उत्तीर्ण तिब्बती शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन**, (काठमाडौँ : अप्रकाशित शोध पत्र, त्रि.वि., नेपाली भाषा शिक्षा विभाग, २०६३) ।

खनाल, कविता, **मोरङ जिल्लाका कक्षा ८ मा अध्ययनरत थारुभाषी विद्यार्थीहरूले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोध पत्र, त्रि.वि., सुकुना बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, २०६५) ।

घिमिरे, फर्सुराम, **कक्षा ६ उत्तीर्ण विद्यार्थीहरूले नेपाली भाषाको लेखनमा गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन**, (काठमाडौँ : अप्रकाशित स्नातकोत्तर शोध पत्र, त्रि.वि., नेपाली भाषा शिक्षा विभाग, २०६१) ।

देवकोटा, शोभा, **गीतानगर गा.वि.स.का कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोध पत्र, नेपाली भाषा शिक्षा विभाग, बालकुमारी कलेज, चितवन, २०६८) ।

मगर, निर्पध्वज, **सोलुखुम्बु जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन**, (काठमाडौँ : अप्रकाशित स्नातकोत्तर शोध पत्र, त्रि.वि., महेन्द्र बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, २०६४) ।

मिश्र, शिव कुमार, **कक्षा ५ पूरा गरेका सतारभाषी विद्यार्थीहरूले नेपाली भाषा सिकाइमा गर्ने त्रुटिहरूको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोध पत्र, त्रि.वि., कीर्तिपुर क्याम्पस, २०६३) ।

## परिशिष्ट 'क'

# परीक्षणका लागि उपयोगमा ल्याइएका सामग्रीहरू

### (१) हिज्जे लेखनका लागि प्रयोग गरिएका शब्दहरूको सूची

**(क) शब्दको सुरुमा ह्रस्व हुने**

अधि, कमिज, चिलविल, टिप्पणी, डिग्री, पत्रिका, शिक्षा ।

**(ख) शब्दको मध्यमा ह्रस्व हुने**

अधिकरण, काविल, खित्रिक्क, घुलित, जुक्ति, डिस्टिलरी, त्रिभुज, चिनियाँ, रश्मि ।

**(ग) शब्दको अन्त्यमा ह्रस्व हुने**

असम्मति, भाइ, सन्तुष्टि, दयालु, प्रजाति, वनस्पति, वुद्धि ।

**(घ) शब्दको सुरुमा दीर्घ हुने**

कीर्ति, कीरो, चीज, जीउधन, नीयत, पूर्ण, ईश्वर, भूगर्भ, मूर्ख, पूराण ।

**(ङ) शब्दको मध्यमा दीर्घ हुने**

क्षेत्रीय, गीत, प्राचीन, गतिहीन, ग्रामीण, तृतीय, राजदूत, नवीन, समूह ।

**(च) शब्दको अन्त्यमा दीर्घ हुने**

काफी, चौलानी, जापानी, नौमती, पञ्जावी, श्रीपञ्चमी, पापिनी, कर्णाली, सासू, बिच्छी, माहुरी ।

## (२) श्रुतिलेखनमा उपयोग गरिएका शब्दहरूको सूची

**(क) 'श', 'ष' र 'स' को प्रयोग**

शिरोमणि, शान्ति, आकाश, शिविर, आशीर्वाद, सरस्वती, भाषण, उद्घोषण, भाषा, बहिष्कार, हर्ष, सरस्वती, सूर्य, मानिस, समाचार, सिकार, फेसन, सिर्जना ।

**(ख) 'ब' र 'व' को प्रयोग**

कुबेर, बन्द, चुम्बक, बेकार, सम्बोधन, बेठीक, बकुल्लो, जीवन, वातावरण, व्यवहार, वरिपरि, वर्तमान ।

**(ग) 'य' र 'ए' को प्रयोग**

यथार्थ, यस, यति, डायरी, यकिन, जय, सय, एकान्त, एउटा, एघार, भएस्, भए, एकता ।

**(घ) 'छ' र 'क्ष' को प्रयोग**

छेस्किनी, छेउ, छिन, इच्छा, बिछ्यौना, अक्षर, क्षेत्र, अक्षता, लक्ष्य, परीक्षण, भिक्षु ।

**(ङ) 'ज्ञ' र 'ग्यँ' को प्रयोग**

ज्ञान, विज्ञान, यज्ञ, प्रतिज्ञा, जिज्ञासा, ग्याँस, ग्याटिस, ग्याङ्, ग्यारेन्टी, ग्यान्टे, ग्यास्टिक ।

**(च) 'ऋ' र 'रि' को प्रयोग**

ऋषिपञ्चमी, ऋषि, ऋतु, ऋण, फेरि, परिस्थिति, रिक्सा, रिकापी, रिजर्भ, रिवन ।

**(छ) 'चन्द्रबिन्दु' र 'शिरबिन्दु' को प्रयोग**

संस्कृत, संवाद, अंश, कंश, संस्कार, संविधान, छायाँ, गाउँ, आँखा, दिउँसो, औँसी, बाँसुरी, नयाँवर्ष ।

**(ज) 'पदयोग' र 'पदवियोग' को प्रयोग**

कोठामा, छानामुनि, झै-झगडा, दाजुभाइ, हिजोदेखि, मेरा लागि, उसले पनि, हरि र सीता, भए तापनि ।

**(झ)** **'हलन्त' र 'अजन्त' को प्रयोग**

भगवान्, महान्, श्रीमान्, जगत्, गुणवान्, असल, हिमाल, तागत, दूध, खाम ।

**(ञ)** विद्यार्थी जीवनमा अनुशासनको महत्त्व शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख ।

## (३) शोधकार्य सम्पन्न गर्ने क्रममा नमुना छनौट स्वरूप लिइएका विद्यालय र विद्यार्थी सङ्ख्या –

| क्रम सङ्ख्या | विद्यालयको नाम | विद्यार्थी सङ्ख्या |
|---|---|---|
| १. | श्री अरुणोदय उच्च मा.वि., गीतानगर | १५ |
| २. | श्री देव ज्योति निम्न मा.वि., गीतानगर | १५ |
| ३. | श्री अमर ज्योति इङ्लिस स्कुल, गीतानगर | १५ |
| ४. | श्री पारिजात इङ्लिस बोर्डिङ स्कुल, गीतानगर | १५ |

# परिशिष्ट 'ख'
# व्यक्तिगत विवरण



नाम : **इन्दिरा मरहट्ठा**

स्थायी ठेगाना : गीतानगर-१, चितवन

बुवाको नाम : गुरुदत्त मरहट्ठा

आमाको नाम : शुभद्रा मरहट्ठा

जन्मस्थान : मणिग्राम-१, रूपन्देही

नागरिकता : नेपाली

भाषा : नेपाली, अङ्ग्रेजी

सम्पर्क : ९८०७२१६७०३

| **क्र.सं.** | **तह** | **शैक्षिक संस्था** | **श्रेणी** |
|---|---|---|---|
| १. | एस.एल.सी. | श्री अरुणोदय उच्च माध्यमिक विद्यालय, गीतानगर | दोस्रो |
| २. | उच्च मा.वि. | राममणि बहुमुखी क्याम्पस, मणिग्राम, रुपन्देही | दोस्रो |
| ३. | स्नातक | राममणि बहुमुखी क्याम्पस, मणिग्राम, रुपन्देही | दोस्रो |
| ४. | स्नातकोत्तर | त्रिविवि, बालकुमारी कलेज, नारायणगढ, चितवन | प्रथम |